औद्योगिक नीति, २०८१

१. पृष्ठभूमि

मुलुकको आर्थिक तथा सामाजिक समृद्धिको आधारका रुपमा उद्योग व्यवसायको स्थान रहेको छ । उद्योग क्षेत्र मुलुकको समष्टीगत आर्थिक नीति तथा अर्थराजनीतिको महत्वपूर्ण आधार हो । उत्पादनको संस्कृति तथा उद्यमशीलताले नै आर्थिक तथा सामाजिक रुपान्तरणको आधारशिला निर्माण गर्दछ । यसमा उत्पादनको विचार, साधन र स्रोतको परिचालन, उत्पादनको प्रक्रिया, उत्पादन र उपलब्धि एवं लाभजन्य बजारीकरणका माध्यमबाट उत्पादित वस्तुको उपभोग तथा उपयोग एवं निरन्तर सुधारको तार्किक कार्यढांचा समावेश भएको हुन्छ । यसप्रकार उद्योग व्यवसायको आधारभूत संरचनामा उत्पादन र उत्पादकत्व, निर्यात, लगानी, रोजगारी, राष्ट्रिय आयमा योगदान एवम् उद्यमशीलताको संस्कृति विकासको तार्किक संयोजन रहेको हुन्छ ।

उद्योग क्षेत्रको पृष्ठभूमि तर्फ नियाल्दा सन् १९५० देखि १९८० बीचको अवधिमा आयात प्रतिस्थापन तथा स्वदेशी उद्योगको संरक्षण एवम् सरकार सन्चालित सार्वजनिक उद्यमको विकास आधारित नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिन्छ । सन् १९८० को आर्थिक उदारीकरण अभ्यासले लगानी प्रवर्धन तथा निर्यात प्रवर्धन औद्योगीकरण तर्फ उद्योग क्षेत्र अघि बढेको पाइन्छ । तत्पश्चात विदेशी लगानीलाई आकर्षित तुल्याउने, निजी तथा व्यावसायिक क्षेत्रलाई प्रोत्साहित गर्ने, प्रविधिको हस्तान्तरण तथा औद्योगिक उत्पादकत्व अभिवृद्धि गर्ने, औद्योगिक सुशासन सुदृढ तुल्याउने, सूचना तथा सन्चार प्रविधिको उपयोग गरी दक्ष औद्योगिक सेवा व्यवस्थापन गर्ने, विश्वव्यापी अन्तर्निर्भरताबाट सृजित अवसरको उपयोग गर्ने, आर्थिक कूटनीतिलाई औद्योगिक विकासका लागि परिचालन गर्ने, सार्वजनिक निजी साझेदारी प्रवर्धन गर्ने, औद्योगिक पूर्वाधारको विकास गर्ने जस्ता नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिन्छ ।

औद्योगिक अर्थतन्त्रको क्षेत्रमा आएको सारभूत, प्रविधिगत तथा मनोव्यवहारगत परिवर्तनले नीतिगत सुधारका लागि मार्गनिर्देशन गरेको छ ।

श्रम विप्रेषणमा आधारित मुलुकले त्यसकै आधारमा मात्र आर्थिक वृद्धि वा रुपान्तरण गरेको उदाहरण अपवादका रुपमा मात्र स्वीकार गर्न सकिन्छ । वैदेशिक रोजगारीको विषय पूर्वानुमान गर्न सकिने हुंदैन र दिगो आर्थिक तथा सामाजिक विकासका लागि आफ्नै मुलुकमा उत्पादन र रोजगारी अभिवृद्धि गर्नुको विकल्प छैन । यथार्थमा भन्नुपर्दा नेपालको विद्यमान श्रम विप्रेषणमा निर्भर अर्थतन्त्रलाई आत्मनिर्भर अर्थतन्त्रमा परिणत गर्ने औद्योगिक अर्थतन्त्र नै हो किनकि श्रम विप्रेषणमा आधारित अर्थतन्त्र दिगो र भरपर्दो हुंदैन तथा यसका माध्यमबाट दिगो समृद्धि हासिल हुन सक्दैन।

नेपालमा प्रजातान्त्रिक शासन व्यवस्थाको पुनर्स्थापना वि.सं. २०४६ सालमा भएपश्चात औद्योगिक क्षेत्रको प्रवर्धन र विकास तथा नियमन गर्ने एवं संरक्षण गर्ने उद्देश्यले औद्योगिक नीति २०४९ तथा सो अनुकूलको कानुनी तथा संस्थागत व्यवस्था कार्यान्वयनमा ल्याइएको हो ।

नेपालको विद्यमान संविधानले राज्यको आर्थिक उद्देश्यका रुपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता एवम् विकासमार्फत उपलव्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्नेगरी नीतिगत स्पष्टता कायम गरेको छ । नेपालको संवैधानिक व्यवस्थामा उद्योग क्षेत्रको विवेचना गर्दा नेपाली नागरिकलाई आफ्नो सम्पत्तिको उपयोगका आधारमा व्यावसायिक लाभ प्राप्त गर्ने अधिकार प्रदान हुनुका साथै रोजगारीको हकले औद्योगिक उत्पादनका लागि लगानी गर्ने र औद्योगिक सीप विकासमा राज्यको भूमिका

राखिएको छ । त्यसैगरी, संविधानले अवलम्वन गरेको राज्यको अर्थ, उद्योग र बाणिज्यसम्बन्धी नीतिमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने विषय समावेश गरिएको छ । यस अर्थमा मुलुकमा उद्यमशील समाजको स्थापना, उद्यमशीलता प्रवर्धन, व्यावसायिकता अभिवृद्धि तथा उत्पादनको संस्कृतिको विकासमा उद्योग क्षेत्रमार्फत आर्थिक समृघि तर्फको सक्रियताको सन्दर्भ त्यत्तिकै महत्वको रहेको देखिन्छ । यस नीतिको कार्यान्वयनबाट नेपालको अर्थव्यवस्थामा उद्योग क्षेत्रको योगदानको दायरा फराकिलो हुन जाने र आर्थिक आधार सवल हुन गै उद्यमशील संस्कृति, आयमूलक रोजगारीका अवसर वृद्धि तथा सामाजिक एवं आर्थिक रुपान्तरणका लागि मार्गप्रशस्त हुने अपेक्षा सहित यो नीति परिमार्जित रुपमा ल्याइएको हो ।

२. विगतको प्रयास

नेपालमा औद्योगीकरणको औपचारिक रुपमा शुरुआत उन्नाइसौं शताब्दि (१८७८) मा औद्योगिक परिषदको स्थापनाबाट भएको हो जवकि लघु तथा घरेलु उद्योगको इतिहास धेरै लामो रहेको छ । पहिलो आवधिक योजना (वि.सं.२०१३) देखिनै नेपालको उद्योग क्षेत्रमा रुग्ण उद्योगको उत्थान तथा नयां क्षेत्रमा उद्योगको विस्तार गर्ने प्रयास गरिएको पाइन्छ । यस अर्थमा योजनावद्ध औद्योगिक विकास गर्ने नीति अवलम्वन गरेको पनि झण्डै सात दशक हुन लागेको छ । वि.सं. २०१९ सालमा स्थापित बालाजु औद्योगिक क्षेत्रले नेपालमा व्यवस्थित औद्योगिक पूर्वाधारको विकासमा कोसेढुङ्गाका रुपमा प्रयास भएको देखाउंदछ । वि.स.ं २०४६ सालको प्रजातान्त्रिक शासन पद्धतिको पुनस्थापना तथा विं.सं २०४७ सालको सम्विधानले अर्थराजनीतिको आधारका रुपमा उद्योग क्षेत्रलाई स्थापित गर्ने प्रयास गरे अनुसार औद्योगिक नीति २०४९ तथा औद्योगिक व्यवसाय ऐन २०४९ एवं विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ कार्यान्वयनमा ल्याइएको हो । वि.सं. २०६२।६३ मा भएको राजनीतिक परिवर्तनले ल्याएको लोकतान्त्रिक शासन पद्धतिले नेपालको शासन तथा विकासमा नयां आयाम दिन खोजेको प्रयास स्वरुप औद्योगिक क्षेत्रमा आएका परिवर्तन तथा नयां आवश्यकता समेतलाई दृष्टिगत गरी सोअनुकूल औद्योगिक नीति, २०६७ कार्यान्वयनमा ल्याइएको देखिन्छ । यस नीतिले औद्योगिक नीतिका नवीनतम अवधारणालाई आत्मसात गर्नुका साथै उद्योग क्षेत्रमा संरक्षण, नियमन, विकास तथा प्रवर्धन एवं औद्योगिक सुशासनलाई संयोजित रुपमा सम्वोधन गरेको पाइन्छ । नेपालको उद्योग क्षेत्रमा उक्त नीतिले विधिन्न सारभूत अपेक्षा गरेको छ जसमा नेपालको औद्योगिक क्षेत्रको आर्थिक आधार फराकिलो बनाउने, आर्थिक रुपान्तरणका लागि उद्योग क्षेत्रलाई मुख्य सम्वाहकका रुपमा स्थापित गर्ने र गरिबी निवारणमा योगदान गर्ने अभिलक्ष्य यस नीतिले लिएको देखिन्छ । त्यसैगरी, नेपाललाई दक्षिण एसिया तथा विश्वको आकर्षक लगानीस्थलका रुपमा स्थापित गर्ने, उत्पादन र उत्पादकत्व अभिवृद्धिबाट औद्योगिक वस्तुको निर्यात बढाउने तथा राष्ट्रिय आय र रोजगारी बढाउने, स्थानीय स्रोत र साधनमा आधारित उद्योगको प्रवर्धन गर्ने तथा प्रविधिको उपयोग गरी उद्योग क्षेत्रलाई सवल बनाउने जस्ता उपलब्धि तथा नतिजाका क्षेत्र समावेश गरिएको पाइन्छ ।

नेपालको पन्ध्रौं योजनाले आर्थिक समृद्धिका लागि दिगो, रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकासको रणनीतिक सोच राखी उच्च र दिगो उत्पादन तथा उत्पादकत्वलाई दीर्घकालीन राष्ट्रिय लक्ष्य निर्धारण गरेको थियो र यस अनुसार नै दीर्घकालीन रणनीति र रुपान्तरणको सम्वाहक चयन गरेको थियो । यसका लागि राष्ट्रिय प्राथमिकताका क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न औद्योगिक सुशासनको आधार सुदृढ तुल्याउने उल्लेख गरेको थियो । मुलुकमा आर्थिक गतिविधिको विस्तार र उद्योग क्षेत्रमा प्रभावकारी माग सृजना गर्न सरकारले सहकार्यात्मक रुपमा विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र, औद्योगिक करिडोर, औद्योगिक ग्रामलगायतका औद्योगिक पूर्वाधारको विकासलाई प्राथमिकता दिंदै आएको छ । उर्जा

क्षेत्रमा गरिएका प्राथमिकतायुक्त लगानी तथा परियोजना निर्माण एवं सन्चालनले उद्योग क्षेत्रमा रहेको उर्जाजन्य उपलब्धताको समस्या समाधान हुंदै गएको छ जसले गर्दा उद्योग क्षेत्रमा सकारात्मक वातावरण निर्माण भएको छ । नेपालको बीस बर्षे कृषि विकास रणनीतिले कृषि र उद्योग क्षेत्रबीचको सामन्जस्यबाट आर्थिक समृद्धि हासिल गर्न सकिने सम्भावनालाई उजागर गरेको छ र कृषिको व्यावसायीकरणका माध्यमबाट औद्योगीकरणको आधार र दायरा फराकिलो पार्न सकिने प्रष्ट पारेको छ ।

नेपालमा औद्योगिकरणका लागि नीतिगत, संरचनागत, कानुनी, पद्धतिगत तथा प्रक्रियागत सुधारका प्रयास निरन्तर रुपमा भैरहेको छ तर उद्योग क्षेत्रको भूमिका र योगदान समष्टीगत आर्थिक प्रणालीमा उल्लेख्य हुन नसकेको स्थिति छ । महत्वाकांक्षी लक्ष्य तथा उद्देश्य बोकेको वि.सं. २०६७ सालमा कार्यान्वयनमा आएको औद्योगिक नीतिले अपेक्षाकृत औद्योगिक वृद्धि, प्रतिस्पर्धात्मक उत्पादन क्षमता, रोजगारी तथा निर्यातयोग्यतामा अभिवृद्धि गर्ने कार्यको कसिमा खरो उत्रन नसकेको देखिन्छ । स्वदेशी उत्पादनले आन्तरिक बजार तथा उपभोगको आवश्यकता पूरा गर्ने गरेको स्थितिमा समेत त्यस्ता औद्योगिक वस्तुको माग अनुसारको उत्पादन हुन नसकी विदेशबाट आयात गरी माग पूरा गर्नु परेको स्थितिले निर्यात र आयातबीचको असन्तुलन झनझन बढ्दै गएको छ । उत्पादनमूलक उद्योगको कुल राष्ट्रिय गाहस्थ्य उत्पादनमा योगदान कम हुंदै ५ प्रतिशतभन्दा कम भएको स्थिति छ जवकि दक्षिण एसियाका भाारत, बंगलादेश, श्रीलंका जस्ता मुलुकको योगदान १५ प्रतिशतभन्दा बढी नै रहेको देखिन्छ।

३. वर्तमान स्थिति

नेपालको सम्विधानले मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरणलाई शासन प्रणालीको मुख्य ध्येय राखेको छ र उद्योगको विकासलाई शासनको मूल आधार तथा मार्गदर्शकीय नीतिका रुपमा अंगीकार गरेको छ । नेपालको पन्ध्रौं तथा सोह्रौं योजनाले मुलुकको समृद्धिलाई नै दीर्घकालीन सोचका रुपमा आत्मसात गरेको तथा नीतिगत व्यवस्था गरिएको सन्दर्भमा शासन र विकासका लागि उद्योग क्षेत्रको थप महत्व र सान्दर्भिकता प्रष्ट भएको छ । औद्योगिक नीति, २०६७ को कार्यान्वयनपश्चात उद्योग क्षेत्रको प्रवर्धन तथा नियमनका साथै स्वदेशी तथा विदेशी लगानीका लागि नीतिगत, कानुनी तथा पद्धतिगत रुपमा सवल र अनुकूल वातावरण बनाउने गरी प्रयास भएका छन् ।

विभिन्न राजनीतिक तथा आर्थिक जटीलता एवं औद्योगीकरणको प्रयासमा विभिन्न समस्या र चुनौती रहंदा रहंदै पनि नेपालले व्यावसायिक वातावरणमा महत्वपूर्ण फड्को मारेको छ ।सन् २०२० मा १९० मुलुकमध्ये नेपालको स्थान व्यापार सहजीकरणका दृष्टिले ९४ औं स्थानमा उक्लन सफल भएको छ । यसमा लगानीको वातावरणमा सुधार, इजाजत सेवा, ऋणप्रवाह, अन्तरसीमा व्यापार, उर्जाको उपलब्धता तथा व्यावसायिक करार पद्धतिमा सुधार भएको स्थिति छ । साथै, पद्धतिगत सुधारको प्रक्रियालाई निरन्तरता दिने, प्रशासनिक झन्झटलाई कम गर्ने, व्यावसायिक कार्यका लागि सहज वातावरण निर्माण गर्ने तथा निजी क्षेत्रको विकासमा सरकारको निरन्तर प्रतिवद्धताले यस स्थितिमा वल पुर्‍याएको मान्न सकिन्छ । नेपालमा एकातर्फ विदेशी लगानी आकर्षित गर्न तथा उद्यमशीलता प्रवर्धन गर्न थप कानुनी तथा व्यवस्थापकीय सुधारलाई उल्लेख्य रुपमा प्रस्तुत गर्न सकिने स्थिति विद्यमान छ भने अर्को तर्फ पूर्वाधारको कमजोर गुणस्तर खासगरी यातायात तथा उर्जा क्षेत्रका पूर्वाधारको विश्वसनीयतामा कमी तथा बढ्दो जोखिम रहेको स्थिति छ जसले व्यावसायिक क्रियाकलापमा बाधा पुर्‍याइरहेको तथा व्यावसायिक खर्चमा वृद्धि भैरहेको अवस्था देखिन्छ । विश्व बैंकले गरेको व्यवसाय सर्वेक्षण, २०२३ ले नेपालका व्यावसायिक कम्पनीहरुका लागि उर्जाको उपलब्धताको भरपर्दो व्यवस्थामा समस्या रहेको देखाएको छ भने राजनीतिक स्थायित्वमा देखिएको समस्याले व्यावसायिक वातावरणको पूर्वानुमान र प्रक्षेपण गर्न नसकिने अवस्था सृजना भएको उल्लेख गरेको छ जसले गर्दा कार्यसन्चालन खर्चमा बढोत्तरी हुनु, न्यून उत्पादकत्व तथा वित्तीय घाटाको स्थिति

रहनु जस्ता अवस्था उजागर गरेको छ । यसका साथै सर्वेक्षणले विशेष आर्थिक क्षेत्रको निर्माण गरिएको भएतापनि यसको उचित उपयोगका लागि आवश्यक पर्ने सेवासुविधाको व्यवस्थापकीय पक्ष कमजोर भएको, पूर्वाधारको उपयोग गर्ने सहज स्थिति कायम हुन नसकेको कारणले निर्यातजन्य उद्योगको स्थापना एवं औद्योगिक उत्पादनमा अपेक्षाकृत प्रगति हासिल गर्न नसकिएको यथार्थ प्रष्ट्याएको छ ।

सोह्रौं योजनाले नेपालमा उत्पादनमूलक उद्योगको उत्पादन घट्दै गएको, उत्पादनमूलक उद्योगको योगदान ६.५ प्रतिशतको अनुमान रहेकोमा ४.९ प्रतिशतमात्र रहेको देखाएको छ । अर्थ मन्त्रालयले प्रकाशित गरेको आर्थिक बर्ष २०८०।८१ आर्थिक सर्वेक्षणले कुल गाहर्ृस्थ क्षेत्रमा उत्पादनमूलक उद्योगको योगदान ६.५ प्रतिशतको अनुमान रहेकोमा ४.८७ प्रतिशत मात्र हुने प्रक्षेपण गरेको छ । यसले बजारको माग र औद्योगिक उत्पादनबीच ठूलो खाडल रहेको, आयात वृद्धि तथा निर्यात संकुचनको स्थिति रहेको प्रष्ट पारेको छ । आर्थिक बर्ष २०८०।८१ को सरकारको नीति तथा कार्यक्रम एवं उद्योग क्षेत्रको विकासका लागि नेपाल सरकारको प्रतिवद्धता (न्यूनतम साझा कार्यक्रम) ले आर्थिक समृद्धिलाई शासनको आधार बनाउने, उत्पादनशील रोजगारीका आधारमा आर्थिक वृद्धि हासिल गर्ने, अर्थतन्त्रमा उत्पादनदेखि उपभोगसम्म र लगानीदेखि व्यापारसम्म देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दैआर्थिक क्रियाकलापलाई तीब्रता दिने, सुशासन र सेवा प्रवाह सुदृढ तल्याउने र आर्थिक क्षेधको कार्यसम्पादनमा सुधार गर्ने, उद्यमशीलता विकास, रोजगारी प्रवर्धन र स्वदेशी उत्पादनको संरक्षण गर्ने, उद्यमी व्यवसायीको मनोवल बढाउने तथा सार्वजनिक निजी साझेदारीका आधारमा सार्वजनिक उद्यम सन्चालन गर्ने विषयमा जोड दिएको छ । यसका लागि समष्टीगत अर्थतन्त्रमा उद्योग क्षेत्रको प्राथमिकीकरण, लगानीको वातावरण निर्माण, औद्योगिक सशासनको सदृडीकरण, निजी क्षेत्र विकास एवं सार्वजनिक निजी सहकार्य र साझेदारी प्रवर्धन, औद्योगिक रोजगारी प्रवर्धन जस्ता विषयको आवश्यकता प्रष्ट्याएको छ ।

नेपाल सरकारको आ.ब. २०८१।८२ को उद्योगसम्वद्ध बजेट र कार्यक्रमले बजेटको मुख्य उद्देश्यका रुपमा उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्ने र बजेटको प्राथमिकतामा औद्योगिक विकासलाई समावेश गरेको छ । बजेटको रणनीतिमा एकीकृत आर्थिक कोरिडोर विकास गर्ने र उद्योग र लगानीका लागि व्यावसायिक वातावरण सुधार गर्ने उल्लेख छ । यसका लागि रुपान्तरणकारी क्षेत्रका रुपमा उद्यमशीलता र औद्योगिक विकासलाई लिइएको छ । यस अर्थमा उद्योग क्षेत्रको नीतिगत व्यवस्थामा उद्योग व्यवसाय र लगानीका लागि व्यावसायिक वातावरणमा सुधार, स्वदेशी उत्पादनलाई प्रोत्साहन, औद्योगिक पूर्वाधारको विकास, औद्योगिक इकोसिस्टम र सम्भाव्यताका आधारमा विशिष्टीकृत औद्योगिक हब तथा औद्योगिक पूर्वाधार विकास कार्यक्रम सन्चालन, सदृढ औद्योगिक सुशासन, उद्यम स्थापनाका लागि उद्यमशीलता अभिवृद्र्धि, स्टार्ट अप र व्यावसाय विकास केन्दकोर् सन्चालन, स्थानीय तहमा उत्पादन र रोजगारीका लागि संरचना विकास तथा बौद्धिक सम्पत्ति संरक्षणका लागि संस्थागत सुधार जस्ता विषयलाई प्राथमिकतामा समावेश गर्नु पर्ने अपरिहार्यता देखाएको छ। बजारको माग र औद्योगिक उत्पादनबीच ठूलो खाडल, आयात वृद्धि, निर्यात संकुचनको स्थिति रहेको

दिगो विकास लक्ष्यहरु २०३० ले दिगो विकासका लागि उत्पादनशील उद्योगको महत्वको आंकलन गरिएको छ र नेपालले कार्यान्वयन गर्ने गरी मार्गचित्र र रणनीति निर्माण भै योजनावद्ध कार्यान्वयनको प्रक्रियामा रहेको छ । यसले उत्पादनशील उद्योगको कुल गार्हस्थ उत्पादनमा योगदान सन् २०२२ सम्ममा १०.५ प्रतिशतको लक्ष्य राखिएकोमा हाल ५ प्रतिशतको हाराहारीमा सीमित रहेको छ र सन् २०३० सम्ममा १५ प्रतिशत पु¥याउने लक्ष्य रहेको छ । त्यसैगरी, समग्र उद्योग क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान सन् २०३० सम्ममा २५ प्रतिशत पु¥याउने लक्ष्य रहेको छ जुन एकदमै चुनौतीपूर्ण देखिन्छ । त्यसैगरी उत्पादनशील क्षेत्रमा कुल रोजगारीको १३ प्रतिशत पु¥याउने लक्ष्य राखिएको छ । नेपालका लागि दिगो विकास लक्ष्यले साना उद्यमको विकासका लागि वित्तीय स्रोत, मूल्य श्रृङ्खला तथा बजारमा पहुंच

बृद्धि गर्ने गरी सन् २०३० सम्मको लक्ष्य निर्धारण गरिएको छ । उद्योगको विकासका लागि उत्पादन दक्षता तथा सफा प्रविधि तथा साधनको विकास एवं पूर्वाधारको उपयोगको विषय समावेश गरिएकोछ । साथै उद्योग क्षेत्रलाई प्रतिस्पर्धात्मक तुल्याउन वैज्ञानिक अनुसन्धान तथा प्रविधिगत सक्षमता हासिल गर्नका लागि बजेट र कार्यक्रमको व्यवस्था तथा प्याटेण्ट दर्तामा जोड दिइएको छ । साथै मझौला तथा उच्च प्रविधियुक्त उद्योगमा अन्तर्राष्ट्रिय सहयोग हासिल गर्ने लक्ष्य राखिएको छ ।

नेपालमा उद्योग क्षेत्रको प्रवर्धन र विकासका लागि सरकारले राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१ जारी गरेको छ जसले नवप्रवर्तनीय क्षमता र उद्यमशीलताका माध्यमबाट औद्योगिक विकास गर्ने ध्येय राखी उद्यमशीलता प्रवर्धनका लागि संरचनागत, प्रविधिगत तथा वित्तीय लगानी प्रवर्धन गर्नका लागि मार्गप्रशस्त गरेको छ । यसका साथै लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासका लागि सरकारले छुट्टै नीतिगत व्यवस्थाका लागि प्रक्रिया अघि बढाइसकेको छ । सरकारले जारी गरेको राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ ले वैद्धिक सम्पत्ति अधिकारको संरक्षण र सम्वद्र्धनका माध्यमबाट औदोगिक विकास र लगानी प्रवर्धन गर्ने तथा यसका लागि वैद्धिक सम्पत्ति अधिकारको संरक्षण र सम्वद्र्धनका लागि संस्थागत क्षमता सुदृढीकरण गर्ने गरी कार्य गरिरहेको स्थिति छ । सार्वजनिक निजी साझेदारी तथा लगानी नीति तथा कानुनी व्यवस्था अन्तर्गत स्वदेशी तथा विदेशी लगानी आकर्षण वृिद्धि तथा प्रवर्धनका माध्यमबाट पूर्वाधार र सेवा क्षेत्रको विस्तार र सदृढीकरण गर्ने अभिप्राय राखेको छ । यसका लागि निजी क्षेत्रको विकास, औद्योगिक लगानी प्रवर्धनका लागि सहजीकरण, सेवा सुिवधा व्यवस्थापन र प्रोत्साहन एवं सहकार्य र साझेदारीका लागि कानुनी, नीतिगत तथा कार्यप्रणालीगत एकीकरणमा जोड दिइएको छ ।

नेपाल व्यापार एकीकृत रणनीति, २०८० ले निर्यात व्यापारका लागि उद्योगप्रेरित वातावरण निर्माण गर्ने तथा औद्योगिक उत्पादनको प्रतिस्पर्धात्मक क्षमताका आधारमा प्रतिस्पर्धी निर्यातको आधाार निर्माण गर्ने गरी रणनीतिगत तयारी गरेको छ भने यसका लागि औद्योगिक वस्तु विकास र उत्पादकत्व अभिवृद्धि, गुणस्तरीय औद्योगिक पूर्वाधार विकास र उपयोग एवं औद्योगिक लगानीको वातावरण निर्माण जस्ता विषयलाई कार्यनीतिक रुपमा अघि बढाएको छ । नेपालको परराष्ट्र नीति, २०७७ ले आर्थिक कूटनीतिका माध्यमबाट आर्थिक सामाजिक रुपान्तरणमा योगदान गर्ने, आर्थिक विकासका लागि द्विपक्षीय आर्थिक सम्बन्ध विस्तार गर्ने तथा वैदेशिक लगानी अभिवृद्धि गर्ने विषय समावेश गरेको छ भने यसका लागि अन्तर्राष्ट्रिय सम्बन्धको आर्थिक आधारको विस्तार तथा सदृढीकरण एवं औद्योगिक लगानी प्रवर्धन तथा निर्यात वृद्धिका लागि नेपाली कूटनीतिक नियोगको परिचालन गर्ने आवश्यकता औंल्याएको छ ।

उद्योग क्षेत्रका लागि नीतिगत सुधारका अवसरको विवेचना गर्दा आर्थिक समृद्धिका लागि अर्थव्यवस्थाको प्राथमिकतामा उद्योग क्षेत्रको स्थानको अपरिहार्यता रहेको, भूअर्थनीति ९न्भय(भअयलयmथ० का दृष्टिले नेपालको रणनीतिक अवस्थिति एवं विश्वको आकर्षणको केन्द्रका रुपमा स्थापित हुनसक्ने पर्याप्त सम्भावना भएको, औद्योगिक महत्वका प्राकृतिक स्रोत साधनको विविधता तथा प्रचुर उपलब्धता रहेको, औद्योगिक प्रविधिमा पहुंच तथा उपलब्धताको प्रवल सम्भावना बोकेको, प्रतिस्पर्धात्मक लाभ र तलनात्मक फाइदाको उपयोग गर्ने पर्याप्त अवसर रहेको, उद्योगका लागि आवश्यक जल तथा सौर्य उर्जाको व्यापक सम्भावना भएको, औद्योगिक पर्वाधार विकासमा प्राथमिकता र बढोत्तरी हुंदै गएको तथा लघु, घरेलु तथा साना उद्योगको विकास एवं विस्तारको सम्भावना व्यापक रहेको देखिएको छ ।

उद्योग क्षेत्रको वर्तमान स्थितिको समीक्षाको निष्कर्षका रुपमा उत्पादनका आधारमा समृद्ध अर्थतन्त्रको विकास गर्ने गरी आर्थिक समृद्धिमा आधारित अर्थराजनीतिक व्यवस्थाको पुनर्संरचनाको आवश्यकता रहेको, उत्पादन र उद्यमशीलताको संस्कृतिको विकास गर्नुपर्ने, निजी क्षेत्रको भूमिका र साधन स्रोतको परिचालनका लागि सार्वजनिक र निजी क्षेत्रबीचको

साझेदारी र सहकार्यको विस्तार र प्रवर्धन गर्दै जानु पर्ने देखिएको छ । त्यसैगरी, तुलनात्मक लाभको क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्दै निर्यात प्रवर्धन, वस्तु र सेवाको बजार विविधीकरण र विस्तार गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय उद्योगधन्धा र साधनस्रोतको संरक्षण र प्रवर्धन एवम् नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योगमा स्वदेशी लगानी प्रवर्धन गनुपर्ने विषय प्रष्ट पारेको छ । साथै, विद्यमान स्थितिमा औद्योगिक पूर्वाधार विकास तथा औद्योगिक क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता विकासमा विदेशी पूंजी तथा प्रविधिको लगानी आकर्षित गर्ने, राष्ट्रिय हितअनुकूल आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्ने, औद्योगिक करिडोर र विशेष आर्थिक क्षेत्रको विकास एवम् राष्ट्रिय महत्वको औद्योगिक परियोजनाको सन्चालन गर्ने, अन्तरप्रदेश तथा प्रदेश प्रदेशबीच औद्योगिक विकासका लागि समन्वय र सामन्जस्य कायम गरी गतिशीलता प्रदान गर्ने, कृषिको व्यावसायीकरण र कृषि उद्यमको विकास, स्थानीय स्रोतमा आधारिक उद्योग प्रवर्धन गर्ने तथा दिगो औद्योगिक विकासका लागि हरित उत्पादन प्रणालीको सुदृढीकरण तथा समावेशी औद्योगिक विकासमा जोड दिनुपर्ने आवश्यकता उजागर गरेको छ ।

४. समस्या र चुनौती

नेपालको उद्योग क्षेत्रलाई प्रभाव पार्ने विभिन्न कारकतत्व तथा प्रवृत्तिजन्य स्थिति उल्लेख्य रहेका छन् । यिनमा खासगरी विश्वव्यापी अर्थराजनीतिक गतिशीलता एवं बढ्दो अन्तर्निभरताको स्थिति, प्रविधिको विकास तथा सूचना र सन्चार प्रविधिको बढ्दो उपयोगका कारण प्रत्यक्ष औद्योगिक रोजगारीमा कटोतीको स्थिति तथा संरक्षित रुपमा औद्योगिक सन्जालीकरण एवं भर्चुअल उद्योगको विगविगी जस्ता प्रवृत्तिले गम्भीर असर पार्दै आएका छन् । विश्वका ठूला अर्थव्यवस्था भएका छिमेकी मित्रराष्ट्रहरु भारत र चीनमा भएका आर्थिक विकासको प्रभावलाई सकारात्मक तथा सृजनात्मक रुपमा उपयोग गर्न सकिएमा नेपालको उद्योग क्षेत्र फस्टाउने पर्याप्त सम्भावना हुंदाहुंदै पनि कमजोर आर्थिक कूटनीति तथा समष्टीगत अर्थनीतिको कमजोर उपस्थितिले उद्योग क्षेत्रलाई उत्पादन, प्रविधि, लगानी तथा निर्यातका दृष्टिले उकास्न सकिएको छैन । त्यसैगरी, नेपालमा उत्पादनमूलक उद्योगको स्थान कुल गार्हस्थ उत्पादनमा खस्कदैं जानु तथा उत्पादनमूलक उद्योगबाट सेवामूलक औद्योगिक क्रियाकलापका साथै कम लगानीबाट कम समयमा बढी आय हुने व्यापारिक क्रियाकलापमा व्यावसायिक केन्द्रीकरणको प्रवृत्तिले औद्योगिक क्षेत्रको उत्पादन र रोजगारीमा चुनौती थपेको छ ।

नेपालको पन्ध्रौं योजनाले मुलुकमा उद्यमशील सोचको विकास नहुनु, उत्पादनशील क्षेत्र र उद्योगमा पूजी तथा प्रविधिको परिचालन तथा विकास हुन नसक्नु, औद्योगिक व्यवस्थापन र लगानी सहजीकरणका लागि एकद्वार प्रणाली तथा एकल विन्दु सेवा केन्द्रको प्रभावकारिता कायम हुन नसक्नुलाई समस्याका रुपमा उल्लेख गरेको छ । त्यसैगरी औद्योगिक पूर्वाधारको कमी तथा भएका पूर्वाधारको कमजोर उपयोगका स्थिति रहनु, औद्योगिक उत्पादन तथा उत्पादकत्व स्वदेशी बजार तथा निर्यातका लागि प्रतिस्पर्धी तथा गुणस्तरयुक्त हुन नसक्नु, आर्थिक कूटनीति प्रभावकारी बन्न नसक्नु, सार्वजनिक निजी साझेदारी कमजोर हुनु, औद्योगिक व्यावसायिक समुदाय व्यापारिक क्रियाकलाप तर्फ बढी आकर्षित हुनु, अनुसन्धान र विकासका कार्य योजनावद्ध र प्रभावकारी रुपमा नहुनु जस्ता पक्षलाई उद्योग क्षेत्रको प्रमुख समस्याका रुपमा पहिचान गरेको छ । त्यसैगरी उदारीकृत अर्थव्यवस्था र संरक्षित अर्थव्यवस्थाबीच तालमेल कायम हुन नसक्नु, विश्वव्यापी आर्थिक अन्तर्निर्भरता तथा परिवर्तित गतिशीलताको सन्दर्भलाई उद्योग क्षेत्रको विकास र विस्तारका लागि उपयोग गर्न नसक्नु तथा औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण र व्यावसायिक उपयोगका लागि संरचागत र कानुनी जटीलता समेत उल्लेख्य समस्याका रुपमा देखिएका छन् । खासगरी विश्व उत्पादन तथा श्रम बजारमा नेपाल जस्तो अल्पविकसित एवं सस्तो श्रम निर्यात गर्न सक्ने मुलुकबाट युवा जनशक्ति उपयोग गर्ने विकसित तथा नवविकसित मुलुकको होडवाजीले गर्दा युवा श्रमशक्तिको आकर्षण बढ्दै गएको र स्वदेशमा उत्पादनको कार्यमा संलग्न भै उद्यमशीलताको उपयोग गर्ने संस्कार

तथा कामको सम्मान गर्ने संस्कृतिमा आएको ह्रासले गर्दा उद्योग क्षेत्रले नकारात्मक श्रम आप्रवासनको चुनौती बहन गर्नु परेको छ ।

सन् २०१९ मा राष्ट्रिय योजना आयोगको संयोजकत्वमा गरिएको दिगो विकास लक्ष्यहरु २०३० को मुलुकी कार्यान्वयन समीक्षा तथा मूल्याङ्कनले उद्योग क्षेत्रमा थप प्रयासका लागि मार्गदर्शन गरेको छ । यसमा औद्योगिक पूर्वाधारलाई गुणस्तरयुक्त बनाउने, सीप र दक्षतायुक्त जनशक्तिको उपलब्धता सुनिश्चित गर्ने तथा उद्यमशीलता अभिवृद्धि गर्ने कुरा उल्लेख गरेको छ । त्यसैगरी, स्वदेशी तथा विदेशी लगानीलाई पूर्वाधार तथा उद्योग व्यवसाय तर्फ आकर्षित गर्न उपयुक्त नीति तथा रणनीति अख्तियार गर्ने तथा राष्ट्रिय सम्भावना र आवश्यकतालाई मध्यनजर गरी त्यस्ता लगानीको उपयोग गर्नुपर्ने चुनौतीलाई सम्वोधन गर्नैपर्ने निष्कर्ष निकालेको छ । साथै, उद्योग क्षेत्रलाई प्रतिस्पर्धी तथा प्रभावकारी बनाउन अनुसन्धान र प्रविधि विकासमा जोड दिन नसक्नु र उद्योग क्षेत्रमा नवप्रवर्तनलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकतालाई सम्वोधन गर्न सक्ने गरी क्षमता विकासको प्रयासलाई अघि बढाउन योजनागत रुपमा मार्गदर्शन गरेको छ ।

निजी क्षेत्रबाट गरिएको औद्योगिक नीतिको समीक्षामा नेपालमा औद्योगिक वातावरण सवल र अनुकूल नभएको देखिएको छ जसमा प्रत्यक्ष विदेशी लगानी प्रवर्धन र प्रोत्साहनको अवस्था सन्तोषजनक नभएको, औद्योगिक सेवा प्रवाह तथा सहजीकरणका लागि औद्योगिक सुशासन सुनिश्चित नभएको, औद्योगिक वस्तुको निर्यातयोग्यता र प्रतिस्पर्धात्मकता कमजोर रहेको, औद्योगिक कार्यसम्पादन र प्रोत्साहन तथा नियमनबीचको सन्तुलन कायम हुन नसकेको, उद्योग र व्यापारबीचको अन्तरसम्बन्ध सुमधुर नरहेको, पर्यटन क्षेत्र औद्योगिक विकासका लागि प्रमुख सम्भावनाको क्षेत्र भएतापनि पर्यटन औद्योगीकरण हुन नसकेको, सूचना प्रविधिमा आधारित उद्योगको प्रवर्धन गरी यस्ता उद्योगको उत्पादनको निर्यातयोग्यता बढाउनु पर्ने जस्ता पक्ष उल्लेख गरिएका छन् ।

संघीय शासकीय संरचनाले नेपालको उद्योग क्षेत्रलाई नीतिगत, कानुनी तथा संरचनगत रुपमा बहुतहगत सरकारको जिम्मेवारी र अधिकारमा खण्डीकृत गरेको छ । मुलुकको पन्ध्रौं तथा सोह्रौं योजनाहरुले आर्थिक समृद्धिलाई दीर्घकालीन सोचका रुपमा आत्मसात गरेको भएतापनि सबै तहका सरकारमा उद्यमशीलताका आधारमा आर्थिक विकास गर्ने प्रतिवद्धता र कार्यान्वयन क्षमतामा रहेका कमिकमजोरीले उद्योग क्षेत्रमा संघीय शासकीय संरचनाको अनुकूल प्रभाव परेको देखिएको छैन ।संविधान अनुसार उद्योग क्षेत्रमा प्रवर्धन, संरक्षण, नियमन तथा विकासका लागि सबै तहका सरकारको जिम्मेवारी रहेको देखिन्छ यद्यपि कार्यक्षेत्राधिकारको अन्यौल कायमै छ । त्यसैगरी उद्योग क्षेत्रको प्रवर्धन र विकासमा नीतिगत तथा कानुनी बहुक्षेत्रगत अन्तर्निर्भरता रहेको कारण अन्तर्क्षेत्रगत समन्वय र सामन्जस्यको कमी र अन्तर्सम्बन्धमा देखिएका जटीलताले सुदृढ औद्योगिक सुशासन र लगानीको वातावरण सहज बन्न सकेको छैन । नेपालमा भन्सारबाट आयात भन्सार महसूल र करबाट हुने आयमा केन्द्रित भई औद्योगिक उत्पादनको निर्यात कर तथा आय करबाट राजस्व प्राप्त गर्न विशेष ध्यान नदिने प्रवृत्ति रहेको छ । यसले गर्दा उत्पादन तथा रुपान्तरणमा आधारित अर्थतन्त्र भन्दा कारोवारी तथा तत्कालको आवश्यकतालाई सम्वोधन गर्ने गरी आर्थिक नीतिमा जोड दिइएको पाइन्छ जसले गर्दा औद्योगिक अर्थतन्त्रले जति प्राथमिकता पाउनु पर्ने हो सो पाउन सकेको छैन ।

माथि उल्लिखित उद्योग क्षेत्रका समस्या र चुनौतीले उद्योग क्षेत्रको नीतिगत पुनर्संरचनाको आवश्यकता र अपरिहार्यतालाई उजागर गरेको छ । यसमा खासगरी बढ्दो आयात र घट्दो निर्यातको स्थिति, कमजोर औद्योगिक उत्पादकत्व तथा घट्दो उत्पादन क्षमता, उत्पादनको प्रविधि र सूचना तथा सन्चार प्रविधिमा आएको परिवर्तनको सम्वोधन, औद्योगिक बजारको विश्वव्यापी प्रतिस्पर्धामा पछि पर्दै जानु तथा विश्व औद्योगिक बजारमा नेपालको सहभागिता कम हुंदै जानु, औद्योगिक लगानीको जटीलता वृद्धि हुंदै जानु तथा औद्योगिक विकासका लागि प्राप्त अवसरको अधिकतम उपयोग गर्नु, आदि रहेका छन् ।

५. नयाँ नीतिको आवश्यकता

मुलुकको आर्थिक विकासका लागि औद्योगिक क्षेत्रको प्रतिस्पर्धात्मकता बढाउने, उद्यमशीलता र उत्पादनको संस्कृति विकास गर्ने, औद्योगिक उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, उद्योग व्यवसाय क्षेत्रको उत्प्रेरणा र मनोवल वृद्धि गर्ने, औद्योगिक लगानी अनुकूल सवल वातावरण निर्माण गर्ने तथा उद्योग क्षेत्रको प्रभावकारी रुपमा विकास, प्रोत्साहन तथा प्रवर्धन, नियमन र सुशासन क्षमता सदृढ तुल्याउने गरी सार्वजनिक कार्यको मार्गदर्शन गर्ने वैध आधार नै औद्योगिक नीति हो । स्वावलम्वी र आत्मनिर्भर अर्थतन्त्र स्थापित गर्न उद्योग क्षेत्रको नीतिगत सवलता आवश्यक पर्दछ । औद्योगिक अर्थतन्त्रलाई मुलुकको दिगो आर्थिक तथा सामाजिक विकासको आधार निर्माण गर्ने कार्यमा नीतिको अपरिहार्यता रहेको हुन्छ । यस अघिका नीतिको लेखाजोखा र विश्लेषण गरी समस्या र कमिजोरीका क्षेत्रमा सुधारात्मक उपाय अवलम्वन गर्ने, चुनौतीहरुलाई अवसरका रुपमा आत्मसात गरी सक्षमता सहित नीतिगत रुपमा सम्वोधन गर्ने, विश्व तथा मुलुकी औद्योगिक अर्थतन्त्रको गतिशीलतामा आएका प्रवृत्तिगत परिवर्तनलाई आत्मसात गर्ने, उद्योग क्षेत्रको आर्थिक तथा सामाजिक प्रभावकारिता वृद्धि गर्न रणनीतिक उपाय अवलम्वन गर्ने तथा उद्योग क्षेत्रलाई अर्थराजनीति तथा समष्टीगत आर्थिक नीतिमा मुलुकमा समृद्धि हासिल गर्ने सक्षमता एकाकार गर्ने अभिप्रायन यस नीतिको रहेको छ ।

नेपालको अर्थव्यवस्थामा आर्थिक उदारीकरणको समसामयिकता, उपयुक्तता तथा सान्दर्भिकतामा विभिन्न दृष्टिकोणबाट प्रश्नचिन्ह उठेको छ । खासगरी एसिया र अफ्रिका महादेशका कतिपय अल्पविकसित तथा विकासोन्मुख मुलुकले तार्किक र विवेकसम्मत रुपमा आर्थिक उदारीकरणलाई उपयोग गर्ने तर मुलुकको आवश्यकतालाई सम्वोधन गर्दै विकासवादी अर्थव्यवस्थामा आधारित सकारात्मक औद्योगिक राष्ट्रियतावाद तथा संरक्षणवादको दृष्टिकोण अंगाल्दै आफ्नो अर्थव्यवस्थामा उद्योग क्षेत्रलाई स्थापित गरी स्तरोन्नति गर्दै गरेको अभ्यास अनुकरणीय रहेको छ । सन् २०२६ पश्चात नेपालले अल्पविकसित अर्थतन्त्र भएको मुलुकबाट विकासोन्मुख तथा मध्यम आय भएको मुलुकका रुपमा आफूलाई उभ्याउने जमर्को गर्दै रहेको स्थितिमा यसका लागि उद्योग क्षेत्रलाई नीतिगत रुपमा सवल तुल्याउंदै जानु अपरिहार्य भएको छ । यसका लागि औद्योगिक क्षेत्रमा आर्थिक उदारीकरणलाई सम्हाल्न सक्ने क्षमता अभिवृद्धिको कार्यलाई निरन्तरता दिंदै हालको स्थितिगत आवश्यकताका आधारमा उद्योगसम्वद्ध नीतिलाई विकासवाद, वैज्ञानिक समाजवाद, सकारात्मक संरक्षणवाद तथा औद्योगिक राष्ट्रियतावादको उचित संयोजन गरी नीतिको पुनर्संरचना आवश्यक देखिएको छ ।

नेपालले आफ्नो दिगो विकासको आधारका रुपमा आत्मसात गरी स्वीकार गरेको दिगो विकास लक्ष्यमा उद्योग क्षेत्रको विकास, प्रवर्धन र क्षमता अभिवृद्धि गर्ने अभिप्रायले राष्ट्रिय योजना आयोगको सक्रियतामा दिगो विकास लक्ष्य २०३० को कार्यान्वयनका लागि पन्ध्र बर्षे मार्गचित्र (SDGs Roadmap-2015 to 2030) र कार्यलक्ष्य (Targets) समेत निर्धारण गरी सन् २०१५ देखि नै कार्यान्वयनमा ल्याएको छ । सन् २०१९ मा आयोगले गरेको कार्यान्वयन समीक्षा तथा मूल्याङ्कनले नयां औद्योगिक नीतिका लागि मार्गदर्शन गरेको छ । यसमा औद्योगिक पूर्वाधारलाई गुणस्तरयुक्त बनाउने, सीप र दक्षतायुक्त जनशक्तिको उपलब्धता सुनिश्चित गर्ने तथा उद्यमशीलता अभिवृद्धि गर्ने कुरा उल्लेख गरेको छ । त्यसैगरी, स्वदेशी तथा विदेशी लगानीलाई पूर्वाधार तथा उद्योग व्यवसाय तर्फ आकर्षित गर्न उपयुक्त नीति तथा रणनीति अख्तियार गर्ने तथा राष्ट्रिय सम्भावना र आवश्यकतालाई मध्यनजर गरी त्यस्ता लगानीको उपयोग गर्नुपर्ने निष्कर्ष निकालेको छ । साथै, उद्योग क्षेत्रलाई प्रतिस्पर्धी तथा प्रभावकारी बनाउन अनुसन्धान र प्रविधि विकासमा जोड दिएको छ र नवप्रवर्तनलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकता औंल्याएको छ ।

नीति जारी गर्नु मात्र नीतिको उद्देश्य होइन यसको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण हुन्छ र यस नीतिले कार्यान्वयनलाई प्रभावकारी तुल्याई उपलब्धि र नतिजा प्राप्त गर्ने आधार निर्माण गर्ने ध्येय राखेको छ । औद्योगिक नीतिले उद्योग क्षेत्रलाई

उच्च कार्यसम्पादन भएको क्षेत्र (High-Performance sector) का रुपमा रुपान्तरित हुनु पर्ने आवश्यकता रहेको छ । यसका लागि रुपान्तरणीय नेतृत्व, रणनीतिक जोड, सक्षम र जवाफदेही संरचना, प्रविधिगत तथा व्यवस्थापकीय सुधार, अर्थपूर्ण सहकार्य र साझेदारी, नवप्रवर्तनीय क्षमता अभिवृद्धि एवं गतिशीलताको सम्वोधन गर्ने क्षमताको आवश्यकता पर्दछ जुन यस नीतिले आत्मसात गर्ने अपेक्षा गरिएको छ ।

यस नीतिले विभिन्न पक्षगत रणनीतिक सवलता अंगाल्ने जमर्को गरेको छ । पहिलोमा, यसले उद्योग क्षेत्रलाई मुलुकको अर्थव्यवस्थामा मूलप्रवाहीकरण गरी सर्वोच्च स्थान हासिल गर्ने (Mainstreaming strategy) रणनीतिक सोच राखेको छ । दोस्रोमा, यसले उत्पादन तथा उद्यमशीलताको संस्कृति विकास गरी मुलुकी उद्योग क्षेत्रको माध्यमबाट अर्थतन्त्रमा योगदान बढाउने (Growth-promoting) अभिलक्ष्य लिएको छ । तेस्रोमा, यसले उद्योग क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी औद्योगिक वस्तुको निर्यात प्रवर्धन गर्ने (Export- promoting) र आयात प्रतिस्थापन गर्ने रणनीतिक कदमलाई बल प्रदान गर्ने गरी उद्योग क्षेत्रको क्षमता विकास गर्ने गरी नीतिगत व्यवस्था गरेको छ । त्यसैगरी चौथोमा, उद्योग क्षेत्रमा सृजनात्मक तथा सकारात्मक उपायको माध्यमबाट राष्ट्रिय महत्वका उद्योग व्यवसायको प्रवद्र्धनात्मक संरक्षण प्रदान गरी औद्योगिक समुदायलाई उत्प्रेरणा र प्रोत्साहन दिने (Reinforcing) लक्ष्य लिएको छ । पांचौमा, यस नीतिले उद्योगको क्षेत्रमा प्रविधि हस्तान्तरण तथा औद्योगिक व्यवस्थापनका नवीनतम अध्यायलाई आत्मसात गर्दै नवप्रवर्तनलाई बढावा दिई नवीन प्रविधिको उपयोगका आधारमा औद्योगिक उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी उद्योग क्षेत्रलाई प्रतिस्पर्धात्मक तुल्याउंदै लैजाने रणनीतिक आधार स्पष्ट पारेको छ । साथै, यस नीतिको आवश्यकतालाई औचित्यपूर्ण तुल्याउनका लागि लगानी तथा व्यावसायिक वातावरण निमाणमा सघाउनका लागि औद्योगिक सुशासनका माध्यमबाट सेवाप्रवाहमा सुधार, व्यावसायिक सहजीकरण एवं संरचनागत सामन्जस्य तथा कानुनी समानुकूलनमा जोड दिएको छ ।

६. दीर्घकालीन सोच

"उद्योगः आर्थिक तथा सामाजिक समृद्धिको आधार"

७. ध्येय

"राष्ट्रिय अर्थव्यवस्थामा उद्योग क्षेत्रको दायरा फराकिलो तुल्याई भूमिका र योगदान बढाउने ।"

८. लक्ष्य

"मुलुकको आर्थिक समृद्धिका लागि दिगो, रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकास गर्ने तथा उत्पादन तथा उत्पादकत्व, निर्यात, आयात प्रतिस्थापन, राजस्वमा योगदान तथा उत्पादनशील रोजगारीका दृष्टिले उद्योग क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख योगदायक क्षेत्रका रुपमा स्थापित गर्ने ।"

९. उद्देश्य

नीतिले अङ्गिकार गरेको दीर्घकालीन सोच तथा लक्ष्य हासिल गर्नका लागि देहायका उद्देश्य लिइएका छन्ः

९.१ औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उत्पादनशील उद्योग क्षेत्रको योगदान बढाउनु ।

९.२ निर्यातजन्य औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक उत्पादन क्षमता वृद्धि गरी निर्यात प्रवर्धन गर्नु ।

९.३ उद्योग क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गरी प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक फाइदाका उद्योगमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गर्नु ।

९.४ स्वदेशी उद्योगको संरक्षण, सम्वद्र्धन र विस्तार गर्नु ।

९.५ औद्योगिक वौद्धिक अधिकारको संरक्षणलाई प्रभावकारी तुल्याउनु ।

१०. रणनीति तथा कार्यनीति

नीतिले लिएका उद्देश्य पूरा गर्नका लागि देहायका रणनीति तथा कार्यनीति कार्यान्वयनमा ल्याइनेछन्ः

१०.१ रणनीति -उद्योग क्षेत्रलाई समष्टीगत आर्थिक नीति तथा अन्य सम्वद्ध नीतिगत व्यवस्था तथा योजनामा मूलप्रवाहीकरण गर्ने (उद्देश्य ९.१ः “औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान बढाउनु ।” संग सम्बन्धित)

कार्यनीति

१०.१.१ औद्योगिक नीतिलाई समष्टीगत आर्थिक नीतिमा उद्योग क्षेत्रका लागि सर्वोच्च नीतिगत व्यवस्थाका रुपमा मान्य तुल्याइनेछ ।

१०.१.२ समष्टिगत आर्थिक नीति, राजश्व नीति, स्थानीय कर र अन्य क्षेत्रगत नीति निर्माण तथा परिमार्जन गर्दा औद्योगिक नीतिसँग प्रतिकूल नहुने पद्धति अवलम्वन गरिनेछ ।

१०.१.३ उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलव्ध गराउँदा वहुपक्षीय एवम् क्षेत्रीय संझौताका प्रावधानसँग सामञ्जस्यता कायम राखिनेछ ।

१०.२ रणनीति- गुणस्तरीय तथा प्रतिस्पर्धात्मक तवरले औद्योगिक उत्पादन एवम् उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय आय र रोजगारी वृद्धि गर्ने (उद्देश्य ९.१ ः“औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान बढाउनु ।” सँग सम्बन्धित) ।

कार्यनीति

१०.२.१ निर्यातमूलक उद्योग, विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग, प्राथमिकता प्राप्त उद्योग तथा अति अविकसित, अविकसित र कम विकसित क्षेत्रमा स्थापित तथा सन्चालित उद्योगहरूलाई प्रोत्साहनस्वरूप थप सुविधा एवम् सहुलियत उपलव्ध गराइनेछ ।

१०.२.२ उत्पादनमूलक उद्योगलाई उत्पादनमा आधारित थप वित्तीय तथा गैरवित्तीय प्रोत्साहन दिइनेछ।

१०.२.३ औद्योगिक उत्पादन र व्यावसायीकरणका दृष्टिले जोड दिनुपर्ने क्षेत्र (focus and Thrust sector) र नर्या सम्भाव्य क्षेत्र (Sunrise Sectors) को पहिचान गरी तिनमा सहभागिताका लागि निजी क्षेत्रलाई विशेष प्रोत्साहन दिइनेछ ।

१०.३ रणनीति- स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित विकासमा उद्योग क्षेत्रको योगदान बढाउने (उद्देश्य ९.१: "औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान बढाउनु ।" सँग सम्बन्धित) ।

कार्यनीति

१०.३.१ स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने उद्योगको प्रवर्धन गर्न विशेष जोड दिइनेछ ।

१०.३.२ प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक फाइदा भएका क्षेत्रको पहिचान एवं उपयोग गरी औद्योगिक आधारलाई बलियो र दिगो बनाइनेछ ।

१०.३.३ स्थानीयस्तरमा रोजगारी र आय आर्जन गर्ने उद्यमको विकासका लागि विशेष कार्यक्रम सन्चालन गर्न अभिप्रेरित गरिनेछ ।

१०.३.४ कृषि क्षेत्रमा उद्यमशीलता प्रवर्धन गरी कृषिको औद्योगीकरण गरिनेछ ।

१०.३.५ स्थानीय साधनको उपयोग र स्थानीयस्तरमा रोजगारी र आयआर्जन हुने घरेलु मदिरा, अल्लो तथा गांजाबाट उत्पादन हुने तथा निर्यातजन्य औद्योगिक वस्तुको प्रवर्धन तथा एक गाउं एक उत्पादन अभियानलाई निरन्तरता दिइनेछ ।

१०.३.६ प्राकृतिक औद्योगिक बस्तु तथा कृषिजन्य वस्तुको कम्तीमा एकतहको प्रशोधन गरेपश्चात मात्र निर्यात गरिने व्यवस्था लागू गरिनेछ ।

१०.३.७ लघु उद्यम, घरेलु तथा साना उद्योगको विकास, प्रवर्धन, विस्तार तथा नियमनका लागि विशेष नीतिगत व्यवस्था लागू गरिनेछ ।

१०.४ रणनीति ' प्रदेश र स्थानीय तहलाई औद्योगिक केन्द्रका रुपमा विकास गर्ने, उद्यमशील बनाउने र कार्यसम्पादनमा उत्कृष्टताका आधारमा पुरस्कृत गर्ने (उद्देश्य ९.१: ***"औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान बढाउनु ।"*** संग सम्बन्धित) ।

कार्यनीति

१०.४.१ प्रदेश तथा स्थानीय तहलाई उद्योग क्षेत्रको विकास तथा प्रवर्धन सम्बन्धी कार्यसम्पादनका आधारमा प्रोत्साहन गरिनेछ ।

१०.४.२ प्रदेश तथा स्थानीय तहमा औद्योगिक कार्यमन्च (Industrial Platform) स्थापना गर्न को संस्थागत विकासका लागि प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराइनेछ ।

१०.४.३ प्रदेश तथा स्थानीय तहमा लक्षित औद्योगिक प्रवर्धन कार्यक्रम सन्चालन गर्न प्रोत्साहन सहित समन्वय र सामन्जस्य कायम गरिनेछ ।

१०.४.५ स्थानीय तहको आर्थिक संरचनालाई उद्यमशीलतामा आधारित बनाउन राजनीतिक नेतृत्वको उद्यमशील क्षमता अभिवृद्धि गरिनेछ ।

१०.४.६ स्थानीय तहको कार्यक्रम तथा बजेटमा उद्योग क्षेत्रमा लगानीका लागि न्यूनतम सीमा कायम गर्न समन्वय र सामन्जस्य कायम गरिनेछ ।

१०.५ रणनीति- सहकारी क्षेत्रमा उद्यमशीलता प्रवर्धन गरी सहकारीको औद्योगीकरण गर्ने (उद्देश्य ९.१: ***"औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान बढाउनु*** ।" संग सम्बन्धित) ।

कार्यनीति

१०.५.१ उत्पादन, मूल्यश्रृंखला विकास तथा निर्यातमूलक वस्तु उत्पादन गर्ने कार्यमा सहकारी संघसंस्थालाई अभिप्रेरित गरिनेछ ।

१०.५.२ स्थानीयस्तरमा कृषि व्यावसायीकरण तथा बजारीकरण एवम् पर्यटन उद्योग व्यवसाय प्रवर्धनमा सहकारीको व्यवसायिक क्षमता विकास गरी संलग्नता बढाइनेछ ।

१०.५.३ सहकारी प्रवद्र्धित उद्योग व्यवसाय मार्फत उत्पादित वस्तुको प्रशोधन, भण्डारण, बजारीकरण र विविधीकरणका आयोजना तथा कार्यक्रमका लागि वित्तीय प्रोत्साहन एवम् प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

१०.५.४ कुनै उद्योगले स्वदेशभित्र वा विदेशमा अवस्थित अर्को उद्योगको लागि करारमा माध्यमिक वस्तु उत्पादन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

१०.६ **रणनीति-** औद्योगिक बस्तुको निर्यात बढाउने ***(उद्देश्य ९.२:-"निर्यातजन्य औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक उत्पादन क्षमता वृद्धि गरी निर्यात प्रवर्धन गर्नु***। " संग सम्बन्धित) ।

कार्यनीति

१०.६.१ औद्योगिक वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तर तथा उत्पादकत्व बढाउन राष्ट्रिय एवं औद्योगिक एकाइको तहमा नयाँ प्रविधिको विकास तथा उपयोगलाई प्राथमिकता दिइनेछ ।

१०.६.२ व्यवस्थापकीय क्षमता, सिर्जनशिलता, ज्ञान एवम् सीपको अभिबृद्धि र उपयुक्त प्रविधिको उपयोगद्वारा उद्योग क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बढाइने छ ।

१०.६.३ विशेष आर्थिक क्षेत्र तथा आफ्नो उत्पादनको कम्तीमा ५० प्रतिशत निर्यात गर्ने उद्योगमा लचिलो श्रम सम्बन्ध व्यवस्थापनको विशेष व्यवस्था गरिनेछ ।

१०.६.४ विश्वमा नयाँ सम्भावनाको रूपमा अगाडि बढिरहेको औद्योगिक सूचना तथा सञ्चार, उपयुक्त प्रविधि एवं जैविक प्रविधि (Bio-Technology) को क्षेत्रमा अनुसन्धान तथा विकाससम्बन्धी कार्य सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१०.६.५ नेपाल गुणस्तर चिन्हलाई अन्तरराष्ट्रिय मापदण्डअनुरूपको तुल्याई त्यस्ता चिन्हको प्रयोग गर्न उद्योगलाई प्रोत्साहन गरिनेछ र यसका लागि नेपाल गुणस्तर तथा नापतौल विभागको संस्थागत क्षमता सुदृढ गरिनछ ।

१०.६.६ छिमेकी मित्रराष्ट्र भारत तथा चीनमा दुरततर रुपमा विस्तार भैरहेको औद्योगिक वस्तुको बजार र व्यापार सन्तुलन (Trade Balance) को स्थितिमा सुधार समेतलाई ध्यानमा राखी उद्योगहरूको विकास र विस्तार गरिनेछ तथा ती बजारहरूमा पहुँचको लागि परिमार्जित रुपमा सम्झौता गरिनेछ ।

१०.६.७ निर्यातयोग्यताका दृष्टिले जोड दिइने क्षेत्रका रुपमा आर्थिक तथा बजार सम्भाव्यताको पहिचान गरिनेछ ।

१०.६.८ पर्यापर्यटन, जडिबुटी तथा फलफूल प्रशोधन, उर्जा, सूचना प्रविधि सेवा, प्राकृतिक पानी, सिमेन्ट, आदि उद्योग व्यवसायलाई निर्यातका दृष्टिले प्राथमिकतामा समावेश गरिनेछ ।

१०.७ **रणनीति-** औद्योगिक पूर्वाधारको विकास तथा क्षमता सुदृढ गर्ने (उद्देश्य ९.२:- "**निर्यातजन्य औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक उत्पादन क्षमता वृद्धि गरी निर्यात प्रवर्धन गर्नु** ।"संग सम्बन्धित) ।

कार्यनीति

१०.७.१ सार्वजनिक निजी सहकार्यका आधारमा निर्यातमूलक उद्योगको स्थापनाका लागि प्रोत्साहन दिन सम्भाव्यताका आधारमा सुविधा सम्पन्न विशेष आर्थिक क्षेत्रको स्थापना र विस्तार गरिनेछ ।

१०.७.२ औद्योगिक कोरिडोर विकासका लागि पूर्वाधार, सम्भाव्यताका आधारमा क्लस्टर औद्योगिक क्षेत्रको विकास, प्रविधि विकासका लागि एकीकृत सुविधाको विकास गरिनेछ ।

१०.७.३ औद्योगिक पूर्वाधार विकासमा निजी क्षेत्रसंगको सहकार्य विस्तार गरिनेछ र यसका लागि निजी क्षेत्रलाई प्रोत्साहन दिइनेछ ।

१०.७.४ विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन केन्द्र तथा औद्योगिक क्षेत्र तथा ग्रामहरुलाई एकीकृत संरचनमा रुपान्तरण गरी आर्थिक रुपमा सवल र सम्भाव्य तुल्याउने र सहकार्य तथा साझेदारीमा सन्चालन गरिनेछ ।

१०.७.५ औद्योगिक उत्पादन प्रक्रियामा अग्र एवम् पृष्ट सम्बन्ध (Forward and Backward linkage) बढाउन सहयोग पुग्ने गरी Contract manufacturing, Outsourcing, Contractiong -out Franchhising, Ancillary र Buy back जस्ता क्रियाकलापलाई आत्मसात गरी उत्पादन वृद्धि तथा विस्तार गर्न उद्योग व्यवसायलाई प्रोत्साहित गरिनेछ ।

१०.७.८ नविनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो, भरपर्दो एवं निर्यातयोग्य क्षेत्रको रूपमा प्रवद्र्धित तुल्याइनेछ ।

१०.८ रणनीति- औद्योगिक विकासका लागि सवल लगानीको आधार खडा गरी नेपाललाई सार्क क्षेत्र तथा विश्वकै आकर्षक लगानीको आधार खडा गरी नेपाललाई सार्क क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रूपमा स्थापित गर्ने (उद्देश्य ९.३: ***"उद्योग क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गरी प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक फाइदाका उद्योगमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गर्नु ।"*** संग सम्बन्धित) ।

कार्यनीति

१०.८.१ वैदेशिक लगानी संरक्षण, विविधीकरण र प्रवर्धन गर्न गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

१०.८.२ प्रत्यक्ष वैदेशिक लगानी (Foreign Direct Investment) बढी गर्ने मुलुकस्थित नेपाली राजदूतावास तथा नियोगमा औद्योगिक लगानी प्रवर्धनका लागि आर्थिक कुटनीतिक एकाइलाई सबल र सुदृढ तुल्याइनेछ ।

१०.८.३ उद्योगमा स्वेदेशी तथा विदेशी लगानीको वातावरणलाई श्रम सम्बन्धको दृष्टिले सहज तुल्याउन श्रम सम्बन्धी कानुनमा सुधार गरी उद्देश्यपरक रुपमा लचिलो श्रम सम्बन्धको प्रावधान कायम गरिनेछ र यसमा श्रमिकवर्गको उत्पादन सीप अभिवृद्धि गरी आर्थिक प्रोत्साहनको व्यवस्था समेत गरिनेछ ।

१०.८.४ लगानी बोर्डलाई उच्च अधिकारसम्पन्न, स्वायत्त, जवाफदेही र सम्वद्ध निकायसंगको समूहगत गतिशीलताका आधारमा एकद्वार प्रणालीका आधारमा कार्यसम्पादनका दृष्टिले सक्षम बनाउने र लगानी प्रवर्धनका दृष्टिले उच्च कार्यसम्पादन क्षमता भएको निकायका रुपमा सुदृढ तुल्याइनेछ ।

१०.८.५ मित्रराष्ट्र चीन र भारतले गरेको औद्योगिक विकासबाट फाइदा लिन सक्ने गरी विशिष्टीकृत उपाय अवलम्वन गरिनेछ ।

१०.८.६ लेखाजोखा तथा विश्लेषणका आधारमा कार्यान्वयनयोग्यता स्पष्ट हुने गरी विदेशी लगानीको सम्भावना बढी भएका मुलुकसंग द्विपक्षीय लगानी संरक्षण तथा प्रवर्धन सम्झौता (Bilateral Investment Protection and Promotion Agreement) गरी उद्योग व्यवसायमा विदेशी प्रत्यक्ष लगानीको वातावरण बनाइनेछ ।

१०.८.७ औद्योगिक क्रियाकलापको विस्तार तथा लगानीको प्रवल सम्भावना भएका तर तत्काल निजी क्षेत्रको लगानी हुन नसक्ने क्षेत्रमा लगानीको वातावरण बनाउन वित्तीय संयन्त्रका रुपमा (Industrial Viability Gap Fund) को स्थापना गरी परिचालन गरिनेछ ।

१०.८.८ सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सहकार्यात्मक सहभागितामा लगानी प्रवर्धन कोष, प्रविधि विकास कोष तथा रुग्ण उद्योग पुनरुत्थान कोषको स्थापना गरी सन्चालन गरिनेछ ।

१०.८.९ औद्योगिक लगानीको सुरक्षित वातावरण निर्माण गर्न औद्योगिक सुरक्षा प्रणालीलाई व्यवस्थित र सक्षम तुल्याउन छुट्टै कानुनी र संस्थागत व्यवस्था गरिनेछ ।

१०.९ रणनीति- औद्योगिक सुशासन सुदृढ तुल्याउने (उद्देश्य ९.३ः- ***"उद्योग क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गरी प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक फाइदाका उद्योगमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गर्नु ।"*** संग सम्बन्धित) ।

कार्यनीति

१०.९.१ उद्योग व्यवसाय सम्बन्धी सेवाप्रवाहलाई दक्ष र सक्षम तुल्याई लगानीकर्ताको मनोवल उच्च बनाउन एकद्वार प्रणालीमा आधारित सेवाप्रवाह तथा सहजीकरणका लागि उद्योग विभागमा रहेको एकल विन्दु सेवा केन्द्रलाई सुदृढ र अधिकारसम्पन्न बनाइनेछ ।

१०.९.२ उद्योग प्रशासन तथा लगानी व्यवस्थापनको निकायमा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने प्रणाली सुनिश्चित गर्न डिजिटाइजेशन तथा डिजिटलाइजेशनको विधि र प्रक्रिया लागू गरिनेछ ।

१०.९.३ व्यावसायिक तथा लगानीसम्वद्ध प्रभावकारी सेवा प्रवाहका लागि व्यवस्थापकीय सुधार गरिनेछ जसमा प्रक्रियागत सरलीकरण, पूर्वाधारको समानुकूलन, विद्युतीय पद्धतिको उपयोग, लगानी सहजीकरण डेस्कको व्यवस्था तथा लगानीकर्ता स्वयंले सेवा प्रवाहको स्थिति अनुगमन गर्न सक्ने व्यवस्था ९क्भाि(तचबअपष्लन mभअजबलष्कm या कभचखष्अभ मभष्खिभचथ० जस्ता उपायको अवलम्वन गरिनेछन् ।

१०.९.४ उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयले व्यवस्थापन गर्ने गरी सुविधासम्पन्न औद्योगिक सूचना तथा प्रलेख स्रोत केन्द्रको स्थापना गरी क्रियाशील तुल्याइनेछ ।

१०.९.५ औद्योगिक विकास, प्रवर्धन, नियमन तथा संरक्षणको जिम्मेवारी भएका सरकारी तथा निजी क्षेत्रका निकायको संस्थागत सदृढीकरण गरिनेछ ।

१०.९.६ उद्योग क्षेत्रसंग सम्बन्धित तथा उद्योग क्षेत्रको प्रभावकारिताका लागि भूमिका निर्वाह गर्ने विभिन्न नीतिगत व्यवस्था तथा कानुनी व्यवस्थाबीच सामन्जस्य कायम गर्न आवश्यक पर्ने विभिन्न सहकार्यात्मक संयन्त्रको उपयोग गरिनेछ ।

१०.१० रणनीति- उद्योग व्यवसायको संरक्षणका लागि सक्षम तथा विस्तारित उपाय अवलम्वन गर्ने (उद्देश्य ९.४ः ***"उद्योग व्यवसायको संरक्षण, सम्वर्द्धन र विस्तार गर्नु ।"*** संग सम्बन्धित) ।

कार्यनीति

१०.१०.१ राष्ट्रिय उद्योगहरूको संरक्षणका लागि नेपालमा कम्तीमा ३० प्रतिशत मूल्य अभिवृद्धि भएको औद्योगिक उत्पादन सरकारी तथा सरकारी स्वामित्व भएको संस्थाले खरिद गर्ने गरी प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१०.१०.२ उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलब्ध गराउन लगानी बोर्ड, एकल विन्दू सेवा केन्द्र, औद्योगिक प्रवर्धन बोर्ड, विशेष आर्थिक क्षेत्र प्राधिकरण, औद्योगिक व्यवसाय प्रतिष्ठान, नेपाल व्यवसाय मञ्च जस्ता संस्थागत व्यवस्थाको सुदृढीकरण गरी उपयोग गरिनेछ ।

१०.१०.३ स्वदेशमा नै उत्पादन हुन सक्ने सम्भावना भएका वस्तुको आयात व्यवस्थापन गर्नका लागि कोटा नियन्त्रणको उपाय अवलम्वन गरिनेछ ।

१०.१०.४ उद्योग व्यवसायको गैह्रव्यवसायिक (Non-Business) तथा गैह्रव्यापारिक (Non- Commercial) जोखिमको मुल्याङ्कन गरी उचित क्षतिपूर्ति दिन औद्योगिक लगानी संरक्षण कोष (Industrial Investment Protection Fund को स्थापना गरी संचालन गरिनेछ।

१०.१०.५ भन्सार महशुल (बाउण्ड रेट भित्र रहेर), एण्टी डम्पिङ्ग शुल्क (Anti- dumbpig Duty) र समीकारक शुल्क (Counterveiling Duty) को माध्यमबाट उद्योगलाई संरक्षण प्रदान गरिनेछ ।

१०.१०.६ भूराजनीतिक आर्थिक जोखिम ९न्भय(उयप्तिष्अय भअयलयmष्अ चष्कपक०, औद्योगिक विपद्, कोविड १९ जस्ता महामारीबाट उद्योग व्यवसायको संरक्षण गर्न औद्योगिक क्षेत्रको जोखिम व्यवस्थापन, क्षतिपूर्तिमा आधारित औद्योगिक न्याय प्रदान गर्न औद्योगिक लगानी संरक्षण कोषको उपयोग गरिनेछ ।

१०.६.७ स्वदेशी उद्योगको संरक्षणका लागि थप आर्थिक तथा गैरआर्थिक एवं विविध किसिमका संरक्षणात्मक तथा प्रोत्साहनात्मक उपाय अवलम्वन गरिनेछ ।

१०.११ रणनीति- उद्योग व्यवसायको सम्वद्र्धन र विस्तार गर्ने (उद्देश्य ९.४ः- ***"उद्योग व्यवसायको संरक्षण, सम्वद्र्धन र विस्तार गर्नु ।"*** संग सम्बन्धित)।

कार्यनीति

१०.११.१ समुदायमा उत्पादन र उद्यमशीलताको संस्कृति विकास गर्न अभियानमूलक क्रियाकलापको विस्तार गर्ने।

१०.११.२ औद्योगिक उत्पादनका लागि आवश्यक पर्ने रोजगारमूलक सीप र दक्षतामा आधारित तथा औद्योगिक क्रियाकलाप सापेक्ष तुल्याउने गरी माध्यमिक तहदेखिको मुलुकको शिक्षा प्रणाली लाई परिमार्जन गरिनेछ ।

१०.११.३ निजी क्षेत्रको विकास, सहकार्य र साझेदारी प्रवर्धनका लागि स्थापित नेपाल व्यवसाय मन्चलाई संस्थागत सुदृढीकरण गरी क्रियाशील बनाइनेछ र यसप्रकारको संयन्त्रलाई प्रदेश तथा स्थानीय तहसम्म विस्तार गरिनेछ ।

१०.११.४ आफ्नै प्रयासमा वातावरण मैत्री प्रविधि एवम् उर्जा वचत गर्ने उद्योगहरूलाई प्राविधिक र आर्थिक सहयोग पु¥याइनेछ ।

१०.११.५ हरित उद्योगको प्रवर्धन तथा स्थापित उद्योगहरूलाई प्रदूषणमुक्त र शून्य कार्वनयुक्त तुल्याउन प्रविधि विकासका साथै प्रोत्साहनात्मक उपाय अवलम्वन गरिनेछ ।

१०.११.६ स्वरोजगारीको अवसर सृजना गर्न उद्योग व्यवसायमा सिर्जनसिल युवा प्रतिभालाई आकर्षित गर्न औद्योगिक सीप तथा दक्षता अभिवृद्धि, उद्यमशिलता विकास तथा कुशल औद्योगिक व्यवस्थापनका लागि क्षमता अभिवृद्धि गर्न व्यवसाय स्टार्टअप सेवा, व्यवसाय सम्वद्र्धन सेवा जस्ता क्रियाकलापलाई सबै तहमा अभियानका रूपमा संचालन गरिनेछ ।

१०.११.७ सरकारी स्वामित्वमा रहेका उद्योगहरूलाई सार्वजनिक निजी साझेदारीका आधारमा व्यवसायिक रूपमा संचालन गरिनेछ ।

१०.११.८ उद्योगको उत्पादन तथा बजार प्रवर्धनका लगि उपयुक्त सूचना प्रविधि (Information Technoloty) को प्रयोगको लागि विशेष व्यवस्था गरिनेछ ।

१०.११.९ महिला उद्यमशीलता कोषको परिचालनको समीक्षा गरी सुदृढ उपयोग गरिनेछ र यस कोषलाई समावेशिताका विभिन्न पक्षलाई समेटी पुनरावलोकन र परिमार्जन गरिनेछ ।

१०.१३ रणनीति- औद्योगिक इकोसिस्टमका आधारमा औद्योगिक कोरिडरको विकास तथा विस्तार गर्ने (उद्देश्य ९.४ः- ***"उद्योग व्यवसायको संरक्षण, सम्वद्र्धन र विस्तार गर्नु ।"*** संग सम्बन्धित) ।

कार्यनीति

१०.१३.१ औद्योगिक इकोसिष्टमका आधारमा विशिष्टीकृत औद्योगिक केन्द्रका रुपमा प्रदेश र स्थानीय तहलाई विकास गरिनेछ ।

१०.१३.२ औद्योगिक कोरिडोर विकासका लागि पूर्वाधार, सम्भाव्यताका आधारमा क्लस्टर औद्योगिक क्षेत्रको विकास, प्रविधि विकासका लागि एकीकृत सुविधाको विकास गरिनेछ ।

१०.१३.३ औद्योगिक रोजगारी प्रवर्धन, व्यवसाय इनकुबेसन, व्यवसाय स्टार्टअप, लघु उद्यम जस्ता विषयमा सबै तहमा लक्षित कार्यक्रम सन्चालन गरिनेछ ।

१०.१४ रणनीति- औद्योगिक वौद्धिक संरक्षणका लागि संस्थागत क्षमता विकास गर्ने (उद्देश्य ९.५ः- ***"औद्योगिक वौद्धिक सम्पत्ति अधिकारको संरक्षणको कार्यलाई प्रभावकारी तुल्याउनु ।"*** सँग सम्बन्धित) ।

१०.१४.१ बौद्धिक सम्पत्ति अधिकारको सबै विधालाई एकीकृत गरी बौद्धिक सम्पत्ति संरक्षण, नियमन र व्यवस्थापनका लागि कानुनमा नै व्यवस्था गरी छुट्टै अधिकारसम्पन्न कार्यालयको स्थापना गरिनेछ ।

१०.१४.२ वौद्धिक सम्पत्ति अधिकारको संरक्षणलाई तथ्यगत प्रमाणमा आधारित तुल्याउन सुविधासम्पन्न प्रलेख स्रोत तथा सूचना केन्द्रको स्थापना गरी सन्चालन गरिनेछ ।

१०.१४.३ औद्योगिक वौद्धिक सम्पत्तिको संरक्षण तथा व्यावसायीकरणका विषयमा निजी क्षेत्रसंगको सहकार्यमा क्षमता विकास तथा प्रशिक्षणका कार्यक्रम सन्चालन गरिनेछन् ।

१०.१५ रणनीति रणनीति - उद्योग व्यवसायको प्रवर्धनका लागि वौद्धिक सम्पत्तिको विकास तथा उपयोग गर्न प्रोत्साहित गर्ने (उद्देश्य ९.५ः "औद्योगिक वौद्धिक सम्पत्ति अधिकारको संरक्षणको कार्यलाई प्रभावकारी तुल्याउनु ।" संग सम्बन्धित) ।

कार्यनीति

१०.१५.१ सामूहिक चिन्ह ९ऋयििभअतष्खभ ःबचप० को उपयोगद्वारा उद्योगहरूको उत्पादनको पहिचान कायम गराई यिनीहरूको प्रवर्धन गरिनेछ ।

१०.१५.२ बौद्धिक सम्पत्तिको प्रयोग गर्न तथा सोको व्यावसायीकरण गर्न उद्यमीलाई विशेष प्रोत्साहन दिइनेछ ।

१०.१५.२ औद्योगिक वौद्धिक सम्पत्तिको क्षेत्रमा उद्यमीलाई अनुसन्धान र विकासको कार्यमा वित्तीय तथा प्राविधिक टेवा प्रदान गर्न औद्योगिक नवप्रवर्तन कोषको स्थापना गरी सन्चालन गर्ने ।

११. लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी विशेष नीतिगत व्यवस्था

नेपालमा लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्धन र विकास, संरक्षण, नियमन, प्रोत्साहन तथा सुविधा र सहुलियतको विशेष व्यवस्था गर्न तथा सक्षम र जवाफदेही संस्थागत व्यवस्था गर्न अपरिहार्य भएकाले संघ तहका साथै प्रदेश तथा स्थानीय तहको लागि मार्गदर्शन समेत हुने गरी लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी विशेष नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१२. औद्योगिक व्यवसायको परिभाषा तथा उद्योगको वर्गीकरण

१२.१ परिभाषा

कुनै व्यक्ति, फर्म वा कम्पनीले आयआर्जन गर्ने उद्देश्य लिई वस्तु उत्पादन गर्ने वा व्यावसायिक सेवा प्रदान गर्ने आर्थिक क्रियाकलाप तथा त्यस्तो क्रियाकलापबाट उत्पादित वस्तु वा सेवाको बजारीकरण गर्ने पद्धति समेतलाई यस नीतिको प्रयोजनको लागि औद्योगिक व्यवसाय मानिनेछ ।

१२.२ उत्पादनको प्रकृति तथा व्यावसायिक सेवाको आधारमा उद्योगको वर्गीकरण

औद्योगिक व्यवसायलाई उत्पादनको प्रकृति तथा व्यावसायिक सेवाको आधारमा देहाय बमोजिम वर्गीकरण गरिएको छः

१२.२.१ कृषि तथा वन पैदावारमा आधारित उद्योग

कृषि तथा वन पैदावारमा आधारित उद्योग कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट उत्पादित वा प्रशोधित अनुसूची(१ मा उल्लेख गरिएका उद्योग व्यवसायहरू,

१२.२.२ उत्पादनमूलक उद्योग

तोकिए बमोजिमको मूल्य अभिवृद्धि गरी कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थ वा खेर गइरहेको वस्तु प्रयोग गरी वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग,

१२.२.३ निकासीमूलक उद्योग

आफ्नो कूल उत्पादनको ५१ प्रतिशत वा सो भन्दा वढी मात्रा विदेशमा निर्यात गर्ने उद्योग,

१२.२.४ उर्जामूलक उद्योग

जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल तथा ग्याँस, वायो ग्याँस तथा अन्य स्रोतबाट उर्जा पैदा गर्ने उद्योग,

१२.२.५ खानीजन्य उद्योग

धातु तथा अधातु खनिज ९ःभतबिि ष्अ बलम ल्यल(ःभतबिि ष्अ ःष्लभचबकि० उत्खनन तथा प्रशोधन गर्ने उद्योग,

१२.२.६ पर्यटन उद्योग

पर्यटकहरूलाई सेवा पु¥याउने अनुसूची(२ मा उल्लेख गरिएका उद्योग व्यवसायहरू,

१२.२.७ निर्माण उद्योग

भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची (३ मा उल्लेख गरिएका व्यवसायहरू,

१२.२.८ सूचना तथा सञ्चार प्रविधि उद्योग

सूचना संकलन, प्रशोधन र प्रसारणको लागि प्रविधि प्रयोग गरी सूचना, ज्ञान तथा सञ्चार सेवा पुर्याउने अनुसुची (४ मा उल्लेख गरिएका औद्योगिक व्यवसायहरू,

१२.२.९ सेवा उद्योग

अनुसूची (५) मा उल्लेख गरिएका उद्योग व्यवसायहरू,

१२.३ लगानी र प्रकृतिको आधारमा उद्योगको वर्गीकरण

उद्योगमा गरिने वित्तीय लगानी, कारोवार तथा व्यवस्थापन प्रकृतिको आधारमा उद्योगको वर्गीकरण देहाय बमोजिम गरिएको छ।

१२.३.१ लघु उद्यम (Micro Enterprise)

यस नीतिको प्रयोजनको लागि लघु उद्यम भन्नाले देहायका शर्त पूरा गरेको व्यवसाय पर्दछः

क) घर जग्गा बाहेक बढीमा दुई लाख रूपैंयासम्म स्थीर पुँजी लगानी हुने उद्यम,

ख) उद्यमी स्वयं नै उत्पादन र व्यवस्थापनमा संलग्न रहेको,

ग) उद्यमी समेत गरी बढीमा ९ जनासम्म कर्मचारी र कामदार रहेको,

घ) बार्षिक आर्थिक कारोवार २० लाख रुपैंया भन्दा कम रहेको, र

ङ)	इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर वा अन्य तेल इन्जीनको शक्ति क्षमता १० किलोवाट भन्दा कम भएको ।

स्पष्टीकरणः माथि उल्लेखित शर्तहरू पुरा गरेको भए तापनि अनुमति लिनुपर्ने उद्योग व्यवसाय, मदिरा, वियर, चुरोट विडी वा अन्य सूर्तीजन्य वस्तु उत्पादन वा प्रयोग हुने व्यवसायलाई लघु उद्यम मानिने छैन । त्यसैगरी एकपटक लघु उद्यम व्यवसायको रूपमा दर्ता भएका उद्यमले अन्य उद्योगका रूपमा स्तरोन्नति गरेमा त्यस्तो उद्यम लघु उद्यमको वर्गमा रहने छैन ।

१२.३.२ परम्परागत तथा अन्य घरेलु उद्योगका रुपमा वर्गीकरण

परम्परागत सीप र प्रविधि प्रयोग गर्ने, स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधिमा आधारित औजार उपकरण उपयोग गर्ने, देशको कला र संस्कृतिसँग सम्वद्ध र १० किलोवाटसम्म विद्युत शक्ति प्रयोग गर्ने अनुसूची ६ मा उल्लेख गरिएका उद्योग व्यवसाय,

१२.३.३ जायजेथा तथा लगानीका आधारमा उद्योगको वर्गीकरण

१२.३.३.१ साना उद्योग

लघु उद्यम र परम्परागत तथा अन्य घरेलु उद्योग बाहेक दश करोड रुपैंयासम्मको स्थीर जेथा भएका औद्योगिक व्यवसाय,

१२.३.३.२ मझौला उद्योग

दश करोड भन्दा वढी पच्चीस करोड रुपैंयासम्मको स्थीर जेथा भएका औद्योगिक व्यवसाय, १२.३.३.३ ठूला उद्योग

पच्चीस करोड रुपैंया भन्दा वढी स्थीर जेथा भएका औद्योगिक व्यवसाय,

स्पष्टीकरणः-

१)	माथि उल्लेखित उद्योगहरूको स्थीर जेथा भन्नाले देहायका चल वा अचल सम्पत्तिहरू पर्नेछन्ः

(क)	जमीन र जमीन सुधार (जस्तै जमीन सम्याउने, पुर्ने, पर्खाल लगाउने जस्ता कार्यहरू),

(ख)	स्थलीय भौतिक पूर्वाधारहरू (जस्तै ढल निकास, आन्तरिक सडक),

(ग)	कार्यालय, कारखाना भवन, गोदाम घर, विद्युत वितरण, पानी वितरण व्यवस्था तथा आवास भवनहरू,

(घ)	यन्त्र, मेसिन, उपकरण तथा औजारहरू,

(ङ)	परिवहन तथा ढुवानीका साधनहरू,

(च)	विद्युत, उपकरण तथा कार्यालय उपकरणहरू,

(छ) फर्निचर, फिक्स्चर तथा फर्निसिङ्ग,

(ज) संचार प्रविधिसंग सम्बन्धित मेसिन तथा उपकरणहरू,

२) उपदफा (१) मा उल्लेखित चल वा अचल सम्पत्तिहरूका अतिरिक्त उद्योग व्यवसायमा लगानी हुनु भन्दा अघि वा निर्माण चरणको विभिन्न अवस्थामा हुने वा भएको पूंजीकृत गरिने प्राविधिक परामर्श र सुपरीवेक्षण खर्च, पूर्व लगानी र पूर्व सञ्चालन खर्च तथा निर्माण अवधिको पूँजीकृत हुने व्याज रकम समेतलाई उद्योगको स्थीर जेथा भनिनेछ ।

१३. प्राथमिकताका आधारमा उद्योगको वर्गीकरण

मुलुकलाई प्रतिस्पर्धात्मक लाभ तथा तुलनात्मक रुपमा फाइदा दिने एवं रोजगारी प्रदान गर्ने उद्योग व्यवसायलाई प्राथमिकता प्राप्त उद्योगका रुपमा वर्गीकरण गरिएको छ । यस अन्तर्गत देहाय बमोजिमका उद्योग व्यवसायलाई समावेश गरिनेछः

१३.१ अनुसूची (७) मा उल्लेख भए बमोजिमका उद्योग व्यवसायलाई प्राथमिकता प्राप्त उद्योगको रूपमा तोकिएको छ ।

१३.२ प्राथमिकता प्राप्त उद्योग व्यवसायको सूचीलाई प्रत्येक ५ वर्षमा पुनरावलोकन गरिनेछ ।

१३.३ औद्योगिक प्रवर्धन बोर्डको सिफारिसमा नेपाल सरकारले आवश्यकता अनुसार प्राथमिकताका आधारमा उद्योगको सूचीमा थपघट र हेरफेर गर्न सक्नेछ ।

१४. उद्योग व्यवसायमा सुशासन तथा नियमन

उद्योग व्यवसायको वैधता ९भिनष्तष्mबअथ० कायम हुने गरी अनुमति तथा स्वीकृति, दर्ता, सेवा प्रवाह तथा सहजीकरणलाई कार्यदक्षता, एकरुपता, पारदर्शिता, जवाफदेहिता, समानता, लक्षित सशक्तीकरण तथा क्षमता अभिवृद्धि, मनोवल तथा उत्प्रेरणा, व्यावसायिक नैतिकता तथा सम्मान, सकारात्मक तथा सृजनात्मक नियमन, आदिका आधारमा व्यवस्थापन गर्ने संस्थागत व्यवस्था, सुपर्यवेक्षण तथा सेवाप्रवाहको कार्यप्रणालीगत तथा प्रक्रियागत व्यवस्थाका आधारमा उद्योग व्यवसाय सन्चालनलाई नियमित, प्रवद्र्धित तथा प्रोत्साहित गर्ने गरी उद्योग व्यवसायको नियमन गरिनेछ । यसका लागि नेपाल सरकारले उद्योग क्षेत्रको सुशासन सम्बन्धी एकीकृत मार्गदर्शन जारी गर्नेछ । उद्योग व्यवसायको नियमन अन्तर्गत देहायका व्यवस्था गरिएका छन्ः

१४.१ उद्योग व्यवसायको अनुमति तथा स्वीकृति

१४.१.१ राष्ट्रिय सुरक्षा, जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने अनुसूची ८ मा उल्लेख भएका उद्योग व्यवसाय वाहेक अन्य उद्योग व्यवसायको स्थापना, विस्तार, विविधीकरण तथा आधुनिकीकरण गर्नको लागि अनुमति लिनुपर्ने छैन ।

१४.१.२ उद्योग विभागबाट अनुमति लिनुपर्ने उद्योगहरूको हकमा आवेदन परेको मितिले ३० (तीस) दिन भित्र विभागले अनुमति दिनेछ । अनुमति दिन नसकिने कारण परेमा म्याद भित्रै अनुमति नदिनुको कारण खुलाई आवेदकलाई जानकारी दिनुपर्नेछ ।

१४.१.३ अनुमति प्राप्त गर्ने उद्योग व्यवसायले अनुमतिपत्रमा उल्लेखित शर्तको पालन गरी सोही अनुमतिपत्रमा तोकिएको अवधिभित्र उद्योग व्यवसाय सञ्चालन गरिसक्नु पर्नेछ । मनासिव कारण परेमा वाहेक तोकिएको अवधि भित्रमा उद्योग संचालन नगरेमा वा शर्त पालन नगरेमा अनुमति खारेज गरिनेछ ।

१४.१.४ उद्योग व्यवसायमा विदेशी लगानी प्राप्त गर्नु गर्दा प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

१४.२ उद्योग व्यवसायको दर्ता

१४.२.१ उद्योग व्यवसायमा नियमितता तथा पारदर्शिता कायम हुने गरी अभिलेख व्यवस्थापन गर्ने र तथ्यगत आधारमा नियमन, सेवाप्रवाह तथा सहजीकरण एवं प्रोत्साहन तथा सेवा सुविधा प्रदान गर्ने अभिप्रायले उद्योग व्यवसायको दर्ता गरिनेछ ।

१४.२.२ लघु उद्यम र परम्परागत घरेलु उद्योगले सञ्चालन गरेको एक महिनाभित्र संक्षिप्त विवरणसहित स्थानीय तहमा जानकारी दिनु पर्नेछ । यस्तो जानकारीको अभिलेख स्थानीय तहले राख्नेछ ।

१४.२.३ अनुमति लिनु नपर्ने अन्य उद्योगले रीतपूर्वक आवेदन दिएको मितिले १५ दिनभित्र सम्बन्धित निकायले उद्योग दर्ता गरी दिनु पर्नेछ । कुनै कारणबाट उद्योग दर्ता हुन नसक्ने भएमा त्यस्तो निकायले सोको कारण खुलाई निवेदकलाई ३ दिन भित्र जानकारी गराउनु पर्नेछ ।

१४.२.४ अनुसूची (८) मा उल्लेख भएका अनुमति लिनु पर्ने उद्योग र अनुमति लिनु नपर्ने अन्य उद्योगको दर्ता उद्योगको प्रकृति तथा क्षमता अनुसार वातावरण संरक्षण ऐन तथा वातावरण संरक्षण ऐन तथा वातावरण संरक्षण नियमावलीले तोके बमोजिम प्रारम्भिक वतावरण परीक्षण (initial Environment Examination-IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (Environmental Impact Assessment-EIA) प्रतिवेदन उद्योग दर्ता गर्ने निकायमा पेश गर्नु पर्नेछ ।

१५.२.५ उद्योग व्यवसाय दर्ता गर्ने निकायले आवधिक रूपमा उद्योगको स्थिति बारे अनुगमन गरी उद्योगले चाहेमा परामर्श दिइ सञ्चालनको लागि सघाउ पु¥याउनेछ । मनासिव कारण वाहेक तोकिएको अवधिभित्र उद्योग सञ्चालनमा आएको रहेनछ भने दर्ता र अनुमति खारेज गरिनेछ ।

१५.२.६ नेपाल सरकारले प्रारम्भिक वातावरण परीक्षण (Initial Environment Examionation- IEE) वा वातावरणीय प्रभाव मुल्याङ्कन (Environmental Impact Assessment-EIA) सम्बन्धी क्षेत्रगत (Sectoral) तथा विषयगत (Thematic) मापदण्ड तर्जुमा गर्नका लागि सम्बन्धित मन्त्रालय/निकायबीच आवश्यक समन्वय तथा सामन्जस्य कायम गरिनेछ ।

१५.२.७ उद्योग दर्ता गर्दा हाल वन क्षेत्रको सीमाबाट १ कि.मी. टाढा हुनु पर्ने भन्ने व्यवस्थालाई पुनरावलोकन गरी उपयुक्त सीमांकनलाई आधार मानी दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

१६. उद्योगले प्राप्त गर्ने प्रोत्साहन, सुविधा तथा सहुलियत

उद्योग व्यवसायको विकास, प्रवर्धन, संरक्षण तथा विस्तारका लागि संस्थागत, कानुनी तथा पद्धति एवं कार्यविधिगत रुपमा प्रोत्साहन, सुविधा तथा सहुलियत प्रदान गरिनेछ । यसरी प्रोत्साहनात्मक उपायका रुपमा उत्पादन र लगानीमा आधारित, निर्यातमा आधारित, रोजगारीमा आधारित, नवीन प्रविधि तथा उत्पादन प्रक्रियामा आधारित, प्रशोधन क्षमतामा आधाारित तथा भौगोलिकता एवं दुर्गमतामा आधारित आर्थिक तथा गैरआर्थिक प्रोत्साहन एवं सुविधा र सहुलियत समावेश भएको हुन्छ । त्यसैगरी, प्रोत्साहनात्मक उपायका रुपमा उद्योग व्यवसायलाई सब्सिडी, कर तथा दस्तूरमा सहुलियत, सम्मान तथा पुरस्कार, सार्वजनिक उपयोगिताका सेवाको उपभोगमा सहुलियत जस्ता संयन्त्रको उपयोग गरिनेछन्। यस नीति अन्तर्गत उद्योग व्यवसायको विकास तथा प्रवर्धनका लागि देहाय बमोजिमका सुविधा र सहुलियत प्रदान गरिनेछः

१६.१ आयकर छूटको सुविधा र सहुलियतः

१६.१.१ सबै प्रकारका सूर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अन्य विशेष उद्योग व्यवसायबाट आर्जित आयमा लाग्ने करको कर्पोरेट दरमा ५ प्रतिशत विन्दुले कम हुनेछ ।

१६.१.२ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अनुसूची ९ मा उल्लेखित अति अविकसित क्षेत्रमा स्थापित उद्योगले कारोवार शुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकर नब्बे प्रतिशत छुट पाउनेछ ।

१६.१.३ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अन्य अनुसूची १० मा उल्लेख भएका अविकसित क्षेत्रमा सन्चालित उद्योग व्यवसायलाई कारोवार सुरु गरेको मितिले दश वर्षसम्म अस्सी प्रतिशतले हुन आउने रकमको आयकर छुट हुनेछ ।

१६.१.४ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अन्य अनुसूची ११ मा उल्लेख भएका कम विकसित क्षेत्रमा स्थापित उद्योगलाई कारोवार सुरु गरेको मितिले दश वर्षसम्म सत्तरी प्रतिशतले हुन आउने रकमको आयकर छुट हुनेछ ।

१६.१.५ अनुसूची ९ मा उल्लेख भएका जिल्लामा स्थापित फलपूmलमा आधारित वढीमा १२ प्रतिशतसम्म अल्कोहल कन्टेन्ट भएका साइड्र एवम् वाइन उत्पादन गर्ने उद्योगलाई समेत कारोवार सुरु गरेको मितिले दश वर्षसम्म चालिस प्रतिशतले हुन आउने रकमको आयकर छुट हुनेछ ।

१६.१.६ सबै प्रकारका सुर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योग बाहेक अनुसूची ७ मा उल्लेख भएका प्राथमिकता प्राप्त उद्योगमध्ये जलविद्युत उत्पादन तथा वितरण, खनिज उत्खनन्, स्थानीय कच्चा पदार्थ प्रयोग गरी क्लिङ्कर वा क्लिङ्कर वनाई सिमेन्ट उत्पादन गर्ने (सिमेन्ट उद्योग) तथा पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण तथा उत्खनन् उद्योगलाई कारोवार सुरु गरेको मितिले सात वर्ष सम्म आयकरमा नब्बेप्रतिशतले हुन आउने रकम छुट दिइनेछ ।

१६.१.७ अनुसूची ४ मा उल्लेख भएका सूचना तथा सञ्चार प्रविधि उद्योग सूचना प्रविधि पार्क भित्र स्थापना गरेमा लाग्ने आयकरको पचास प्रतिशत छुट हुनेछ ।

१६.१.८ कुनै साना उद्योगले न्यूनतम ६ महिनाभन्दा वढी १०० जनाभन्दा वढी नियमित स्वदेशी कामदार, मझौला उद्योगले २०० जना भन्दा बढी र ठूला उद्योगले ५०० जना भन्दा बढी स्वदेशी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएमा त्यस्ता उद्योग व्यवसायले त्यस वर्ष लाग्ने आयकरमा थप २५ प्रतिशत छुट पाउनेछ । साथै त्यस्ता उद्योग व्यवसायले प्रत्यक्ष रोजगारी दिने संख्याको ५० प्रतिशत स्वदेशी महिला वा दलित वा अपाङ्गता भएका व्यक्ति कामदारहरूलाई प्रत्यक्ष रोजगारी दिएमा त्यस्ता उद्योगले त्यस बर्षमा लाग्ने आयकरमा ४० प्रतिशत छुट पाउनेछ ।

१६.१.९ कुनै उद्योग व्यवसायले आफ्नो श्रमिक तथा कर्मचारीको दीर्घकालीन हित एवं भलाइको लागि गरेका खर्चहरू जस्तै आवास व्यवस्था, जीवन बीमा, स्वास्थ्य सुविधा, शिक्षा तथा तालिम, शिशु स्याहार केन्द्र र शारीरिक तन्दुरुस्तीका लागि खेलकूद÷व्यायाममा गरेको खर्च आयकर प्रयोजनको लागि खर्च कट्टी गर्न पाउनेछ । साथै उद्योगले होचापुड्का लगायत अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी प्रदान गरेमा त्यस्ता कामदारहरूलाई भुक्तानी दिएको तलव आदि खर्च आयकर प्रयोजनका लागि कट्टा गर्न पाइनेछ ।

१६.१.१० कुनै उद्योगले उर्जा खपत घटाउन सघाउ पुर्‍याउने यन्त्र उपकरणमा लगानी गरेको खर्च, सौर्य उर्जा वा नवीकरणीय उर्जा उत्पादनको लागि आवश्यक पर्ने यन्त्र उपकरणमा लगानी गरेको खर्च, प्रदूषण नियन्त्रण र वातावरणमा कम असर पार्ने पद्धतिको जडानमा भएको पुँजीगत खर्च, प्रविधि र प्रक्रियामा भएको खर्च आयकर प्रयोजनको लागि खर्च कट्टा गर्न पाइनेछ । यस्तो सुविधा एकै पटक वा ५ (पाँच) वर्षभित्र उपयोग गरी सक्नु पर्नेछ ।

१६.१.११ आयकर निर्धारण प्रयोजनको लागि उद्योग व्यवसायको कूल विक्री आयको पाँच प्रतिशतसम्मको रकम उत्पादकत्व अभिवृद्धिको लागि तथा उद्यमशीलता अभिवृद्धि र सीप विकास तालिम, अनुसन्धान तथा विकास र नयाँ प्रविधि प्राप्त गर्ने कार्यमा खर्च गर्न पाइनेछ ।

१६.१.१२ आयकर प्रयोजनको लागि उद्योग व्यवसायले बजार प्रवर्धन, सर्वेक्षण र विज्ञापन आदिको लागि कूल विक्री आयको दश प्रतिशत सम्म खर्च गर्न पाइनेछ ।

१६.१.१३ उद्योग व्यवसायको भौतिक सम्पत्तिको सुरक्षाको लागि गरेको गरेको खर्च रकम र यसको बीमा वापत तिरेको प्रिमीयम कर योग्य आयबाट घटाउन पाइनेछ ।

१६.१.१४ राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगले स्थीर जेथाको ह्रास कट्टी गर्दा प्रचलित आयकर ऐनमा उल्लेखित दरमा सोही दरको एक तिहाइ थप गरी कट्टा गर्न पाउनेछ ।

१६.१.१५ उद्योग व्यवसायले सोही उद्योग व्यवसायमा वा अरू कुनै उद्योगमा पुनः लगानी गरी उद्योगको विविधिकरण वा पच्चीस प्रतिशत वा सो भन्दा वढी जडित क्षमता विस्तार गरेमा, प्रविधिको आधुनिकीकरण गरेमा वा सहायक उद्योगको विकास गरेमा यस्तो पुनः लगानीबाट सृजित थप स्थीर जेथाको ४० प्रतिशत रकम कर प्रयोजनको लागि कट्टी गर्न पाउनेछ । यस्तो छुट रकम एकमुष्ट एकै वर्षमा वा पाँच वर्षभित्र कट्टी गर्न पाउनेछ ।

१६.१.१६ उद्योगले नेपालमा दर्ता भएको बौद्धिक सम्पत्ति अन्तर्गतको औद्योगिक सम्पत्तिको संरक्षण सम्बन्धी कार्य गर्दा लागेको खर्च आयकर प्रयोजनको लागि खर्च लेख्न पाउनेछ। औद्योगिक बौद्धिक सम्पत्तिको निर्यातबाट प्राप्त हुने आयमा निर्यात सरहको छुट दिइनेछ । बौद्धिक सम्पत्ति संरक्षणका लागि विदेशमा दर्ता गर्दा लागेको शुल्कको ५० प्रतिशतसम्मको रकम सरकारले व्यहोर्ने छ । त्यस्तै बौद्धिक सम्पत्तिको विक्रीबाट प्राप्त आयलाई लाभांशमा लाग्ने दरको आयकर मात्र लगाइनेछ ।

१६.१.१७ प्राकृतिक प्रकोप उद्धार, सामाजिक क्षेत्रमा सहयोग वा सहायता एवं सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गरिएको अनुदान वा कार्यक्रम सन्चालन खर्च तथा तोकिए बमोजिमको रकमको चन्दा र सहयोग आयकर प्रयोजनको लागि छुट हुनेछ।

१६.१.१८ सहकारी संस्थाका रूपमा स्थापना गरिने लघु उद्यम एवं तोकिएका अन्य उद्योग व्यवसायको आयमा लाग्ने आय करको दर सामान्य आय करको दर भन्दा ५० प्रतिशत कम हुने गरी व्यवस्था गरिनेछ।

१६.१.१९ लघु उद्यम, घरेलु तथा साना उद्योगले ठूला तथा मझौला उद्योगहरूसँग लिखित सम्झौता गरी त्यस्ता उद्योगलाई आवश्यक हुने सहायक वस्तुहरू उत्पादन गर्न सक्नेछन् । यसरी सम्झौता गरेका सहायक वस्तु उत्पादन गर्ने उद्योगले पनि अन्य उद्योगलाई सह'उत्पादनका लागि उप'सम्झौता गरी वस्तु आपूर्ति गर्न सक्नेछन् । यसरी सहायक वस्तुको उत्पादन गराएमा त्यस्ता सहायक वस्तुको प्रयोगबाट तयार गरिएको वस्तुको विक्रीबाट हुने खुद आम्दानीको ५० प्रतिशत अंशमा आयकर छुट हुनेछ।

१६.२ भन्सार महशूल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करमा सुविधा र सहुलियतः

१६.२.१ मुलुकभित्र उत्पादित वस्तु विदेश निकासी गरेमा सोमा अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने छैन।

१६.२.२ निर्यातमूलक उद्योग, निर्यात प्रवर्धन गृह र विशेष आर्थिक क्षेत्रका उद्योगले अरू कुनै उद्योगसँग करार (Sub-Contracting) वा वाह्य स्रोत उपयोग गर्ने (Out-Sourcing) गरी निकासीको लागि वस्तु उत्पादन गराउन पाउँनेछन् । यसरी उत्पादन गराएको वस्तुमा प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ्ग सामाग्रीमा लागेको भन्सार महशुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर निर्यात भएको परिमाणको आधारमा निकासीकर्ताले तोकिए बमोजिम फिर्ता पाउने छ ।

१६.२.३ निकासी गरे वापत पाउने ड्यूटी ड्र ब्याक सुविधालाई सरल वनाउन उस्तै प्रकृतिका उद्योगहरूको हकमा कच्चा पदार्थ खपतको आधारमा समदर निर्धारण गरिनेछ । यस्तो रकम निकासी कारोवार गरेको बैंकबाटै फिर्ता पाउने व्यवस्था गरिनेछ । समदर निर्धारण हुन नसकेका उद्योग व्यवसायको हकमा हाल प्रचलनमा रहेको नियमित प्रक्रियालाई पनि निरन्तरता दिइनेछ ।

१६.२.४ उद्योगले पाउने ड्युटी ड्र ब्याकको सुविधा निकासी परिमाणको आधारमा निवेदन परेको मितिले ३० (तीस) दिनभित्र निकासीकर्तालाई अनिवार्य रूपमा उपलब्ध गराइनेछ ।

१६.२.५ उद्योगले अन्तर्राष्ट्रिय वोलपत्रमा सहभागी भई मुलुक भित्र विदेशी मुद्रा आर्जन हुने गरी विक्री गरेको आफ्नो उत्पादन वा सेवालाई Deemed Export सरह निर्यातमा पाउने ड्युटी ड्र व्याकको सुविधा उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ३० (तीस) दिनभित्र उपलव्ध गराइनेछ ।

१६.२.६ विदेशी मुद्रा आर्जन हुने गरी स्वदेश भित्रै आफ्नो उत्पादन विक्री गरेमा त्यस्तो उत्पादनमा लागेको शुल्क, महशुल र प्रयोग भएको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ्ग मेटरियलमा लागेको भन्सार महशुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर उत्पादनमा लागेको परिमाणको आधारमा निर्यात सरह (Deemed Export) मानी फिर्ता दिइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ३० (तीस) दिनभित्र उपलव्ध गराइनेछ ।

१६.२.७ अर्ध प्रशोधित वा अर्धतयारी माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन अर्को मूल वस्तु तयार गर्ने उद्योगलाई विक्री गरेमा त्यस्तो वस्तुमा लागेको अन्तःशुल्क एवम् मूल्य अभिवृद्धि कर मूल वस्तु उत्पादन गर्ने उद्योगले प्रयोग गरेको परिमाणको आधारमा करको हिसाव समायोजन गर्न पाउने छ । तर यो सुविधा उपभोग गर्न ती उद्योग मूल्य अभिवृद्धि कर वा अन्तःशुल्क प्रयोजनको लागि दर्ता भएको हुनुपर्नेछ ।

१६.२.८ उद्योगको आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ्ग सामाग्रीमा लाग्ने भन्सार महशुल त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको आयातमा लाग्ने भन्सार दर भन्दा सामान्यतया एक तह (Slab) कम गर्न सकिनेछ । न्यूनतम १ प्रतिशत भन्दा कम भन्सार दर रहेको वस्तुको आयातको हकमा न्यूनतम २५ प्रतिशत कम हुने गरी भन्सार दर कायम गरिनेछ ।

१६.२.९ उद्योगले आफ्नो प्रयोजनको लागि आयात गर्ने मेशिनरी, ट्रान्सफर्मर, जेनरेटर, औद्योगिक उपकरण तथा औजारमा एक प्रतिशत मात्र भन्सार महशुल लाग्नेछ । साथै गुणस्तर मापन प्रयोगशालाहरूले आयात गर्ने मेशिनरी, वैज्ञानिक उपकरण र उद्योग विस्तारको लागि थप मेशिनरी तथा उपकरण लगायत अनुसन्धान तथा विकास (R&D) को लागि पैठारी गर्ने मेशिनरी तथा उपकरणमा समेत १ प्रतिशत भन्सार महशुल लाग्नेछ र यसमा मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लाग्ने छैन ।

१६.३ थप सुविधा, सहुलियत एवं सोको सुनिश्चितताः

१६.३.१ यस नीतिमा उल्लेख भएका उद्योग व्यवसायले पाउने सुविधा तथा सहुलियतलाई मुलुकको आर्थिक कानुन, औद्योगिक व्यवसाय सम्बन्धी कानुन तथा अन्य सम्वद्ध कानूनमा व्यवस्था गरी सुनिश्चित तथा प्रत्याभूत गरिनेछ ।

१६.३.२ नीतिमा उल्लेख भएका उद्योग व्यवसायको वर्गीकरण, अति अविकसित, अविकसित र कम विकसित क्षेत्रको सुविधा सहुलियतसम्बन्धी सुची र व्यवस्थामा हेरफेर वा थपघट भएमा यस नीति कार्यान्वयनको लागि वनेको कानूनले तोकेको अवधिसम्मका लागि विनाअवरोध त्यस्ता सुविधा उपभोग गर्न पाउने सुनिश्चितता एवं प्रत्याभूति प्रदान गरिने छ ।

१६.३.३ कुनै उद्योगले एकै समयमा एक भन्दा बढी प्रकारको छुट पाउन सक्ने अवस्था भएमा उद्योगले रोजेको बढी छुट पाउनेछ ।

१६.३.३ यस नीति अन्तर्गत प्राप्त हुने सुविधा तथा सहुलियतहरू तोकिएको अवधिसम्मको लागि उद्योग व्यवसायलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन ।

१६.३.४ उद्योग व्यवसायले आफ्नै प्रयोजनको लागि उत्पादन गरेको विद्युतमा रोयल्टी लाग्ने छैन । साथै उद्योगले विद्युत शक्ति विक्री गर्न चाहेमा बजारमा प्रचलित दरमा राष्ट्रिय ग्रीडमा जोड्न दिने व्यवस्था गरिने छ ।

१६.३.५ प्राथमिकता प्राप्त कुनै उद्योग व्यवसाय वा नेपालमा स्वीकृत पेटेण्टको प्रविधि प्रयोग गरी सो अनुरूप स्थापना भएका उद्योगहरूलाई औद्योगिक प्रवर्धन वोर्डको सिफारिसमा नेपाल सरकारको निर्णयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरि थप सुविधा दिन सकिनेछ ।

१६.३.६ निर्यात प्रवर्धन उद्योगलाई वण्डेड वेयर हाउसको सेवासुविधालाई थप सरल वनाई उपलब्ध गराइनेछ । यस्तो सुविधा आवेदन परेको मितिले १५ (पन्ध्र) दिनभित्र उपलव्ध गराइनेछ ।

१६.३.७ उद्योगहरूको हकमा विद्युत आपूर्ति नभएको समयको अनुपातका आधारमा विद्युत महशुलमा लागी आएको डिमाण्ड चार्ज छुट दिइनेछ ।

१६.३.८ उद्योगको प्रकृति र क्षमता अनुसार उद्योग संचालनको लागि आवश्यक पर्ने जग्गा उपलव्ध गराउन सरकारले सहजीकरण गर्नेछ । उद्योगको प्रकृति हेरी जग्गाको हदवन्दी फुकुवा गर्न आवश्यक देखिएमा जग्गाको हदवन्दी सीमामा छुट दिन सकिनेछ ।

१६.३.९ अति अविकसित क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी संस्थालाई प्रोत्साहन स्वरुप त्यस्तो संस्थाले सन्चालन गर्ने लघु उद्यम तथा घरेलु तथा साना उद्योगलाई वीऊ पूँजीको (सिड क्यापिटल) रूपमा अनुदान उपलव्ध गराउने व्यवस्था गरिने छ ।

१६.३.१० गैरआवासीय नेपालीलाई प्रदान गरिने व्यावसायिक प्रवेशाज्ञा निःशुल्क उपलव्ध गराइनेछ ।

१६.३.१० विदेशी लगानीमा संचालित उद्योगलाई नयाँ बस्तुको उत्पादन तथा बजार विकास र प्रबद्र्धन गर्नका लागि देशमा रहेका मूल कम्पनीका शाखा उद्योगले विदेशस्थित मूल कम्पनीबाट उत्पादित सामानहरू तोकिए बमोजिमको शर्त र सीमाभित्र रही निश्चित समयका लागि आयात गर्न अनुमति दिइने छ ।

१६.३.११ वन पैदावारमा आधारित उद्योगलाई कबुलियत वा लिजमा वन उपलव्ध गराउन सकिनेछ ।

१६.३.१२ निर्यात उद्योग, निर्यात प्रवर्धन क्षेत्र, विशेष आर्थिक क्षेत्र, सरकारी वा गैरसरकारी औद्योगिक क्षेत्र र औद्योगिक ग्राममा स्थापना हुने उद्योगलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ ।

१६.३.१३ राष्ट्रिय प्राथमिकता प्राप्त कुनै उद्योग वा नेपाल भित्र आविष्कार गरी स्थापना भएका उद्योगहरूको लागि औद्योगिक प्रवर्धन वोर्डको सिफारिशमा नेपाल सरकारको निर्णयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा तथा सहुलियत प्रदान गर्न सकिनेछ ।

१६.३.१४ व्यवसाय सम्वद्र्धन केन्द्र (इन्कुवेशन सेन्टर) र व्यवसाय सम्वद्र्धन सेवा (इन्कुवेशन सर्भिस) मा स्थापना भएका उद्योग व्यवसायमा कुनै पनि कर लाग्ने छैन ।

१६.३.१५ निर्यातमूलक उद्योगहरूको सहायक कच्चा पदार्थ वा प्याकिङको सामान बनाउने उद्योगहरूलाई पनि उक्त वस्तुहरू निकासीमा प्रयोग गरेको परिमाणको आधारमा निर्यातमूलक उद्योगहरूले पाएसरह सुविधा र सहुलियत दिइने छ ।

१६.३.१६ खानी तथा खनिजजन्य उद्योगको विकास र प्रवर्धनका लागि उद्योग र खानी क्षेत्रसम्मको पहुंच सडक निर्माण एवं विद्युत प्रसारण लाइन विस्तार तथा विद्युत सेवाका लागि भौतिक पूर्वाधार निर्माण गर्न विशेष कार्यक्रम तथा बजेटको व्यवस्था सरकारले गर्नेछ ।

१६.३.१७ उत्पादनमूलक उद्योगका लागि आवश्यक पर्ने वित्तीय ऋण सुविधा उपलब्ध गराउन बाणिज्य बैंकहरुले प्राथमिकता दिनेछन् र त्यस्तो ऋण रकममा अन्य उद्योग व्यवसायमा भन्दा कम्तीमा २ प्रतिशत कम दरमा ब्याज लगाइने गरी व्यवस्था गरिनेछ ।

१६.३.१८ उद्योग व्यवसायले आफ्नो उत्पादन बजारीकरणका लागि संघ तहबाट प्रदेश तथा स्थानीय तहको क्षेत्रमा, अन्तरप्रदेश क्षेत्रमा, अन्तरस्थानीय तहमा लैजानु परेको अवस्थामा एकल कर तथा दस्तू लाग्ने व्यवस्था नेपाल सरकारले गर्नेछ ।

१७. विशेष आर्थिक क्षेत्र सम्बन्धी विशेष व्यवस्था

१७.१ यस नीतिको प्रयोजनका लागि "विशेष आर्थिक क्षेत्र" भन्नाले औद्योगिक क्रियाकलापलाई सघन रूपमा संचालन गर्नका नेपाल सरकारद्वारा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषणा गरिएको निर्यातमूलक बस्तु र सेवाको उत्पादन प्रमुख उद्देश्य रहेको कुनै खास व्यावसायिक क्षेत्र जसमा एकीकृत ओद्योगिक सेवा, स्तरीकृत औद्योगिक पूर्वाधार तथा सेवासुविधा भएको, लचिलो श्रमसम्बन्धी व्यवस्था, लगानीको आकर्षणका लागि विशेष सुविधा र सहुलियतसहितको प्रोत्साहनात्मक व्यवस्थासमेत रहेको विशेषीकृत औद्योगिक क्षेत्र, निर्यात प्रशोधन क्षेत्र, निर्यात प्रवर्धन गृह, स्वतन्त्र व्यापार क्षेत्रसमेतको विशेषीकृत वा एकीकृत आर्थिक क्रियाकलापयुक्त संरचनालाई जनाउंदछ ।

१७.२ पूर्वाधार सहितको औद्योगिक क्रियाकलाप बढाउन तथा सो को माध्यमबाट लगानी प्रवर्धन, उत्पादन वृद्धि, निर्यात प्रवर्धन र रोजगारी सृजनामा सघाउ पुऱ्याउन विशेष आर्थिक क्षेत्रको स्थापना, पूर्वाधार संरचनाको विकास, व्यवस्थापन र सञ्चालन पूर्ण सरकारीस्तरमा, सार्वजनिक निजी सहकार्यमा र पूर्णरूपमा निजी क्षेत्रले समेत गर्न सक्ने गरी कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ ।

१७.३ विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले प्राप्त गर्ने सुविधा तथा सहुलियत

विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले देहायका सुविधा तथा सहुलियतहरू पाउने छन्ः

१७.३.१ आयकर छूटः-

(क) पूर्वाधार संरचनामा लगानी गर्ने लगानीकर्ताले पूर्वाधार संरचना सञ्चालन गरेको वा इजाजतपत्रवालाले उत्पादनको व्यापारिक कारोबार शुरु गरेको मितिबाट प्रचलित कानून बमोजिम लाग्ने आयकरमा पहिलो सात वर्षसम्म शतप्रतिशत र त्यसपछिका पाँच वर्षसम्म पचास प्रतिशत छूट पाउनेछ ।

(ख) हिमाली जिल्ला वा नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उत्पादनमूलक उद्योगले आफ्नो उत्पादनको व्यापारिक कारोबार शुरु गरेको मितिबाट प्रचलित कानून बमोजिम लाग्ने आयकरमा पहिलो दश वर्षसम्म शतप्रतिशत र त्यसपछिका पाँच वर्षसम्म पचास प्रतिशत छूट पाउनेछ ।

(ग) विदेशी लगानीकर्ताले विदेशी प्रविधि, बौद्धिक सम्पत्ति वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन हुने आयमा लाग्ने आयकर पचास प्रतिशत छुट दिइने छ ।

(घ) अनुसूची ९ मा उल्लेख भएका अति अविकसित क्षेत्रभित्र स्थापित विशेष आर्थिक क्षेत्रका उद्योगले कारोवार सुरु गरेको मितिले दश वर्षसम्म शत प्रतिशत आयकर छुट पाउनेछन् । साथै त्यसपछिका दश वर्षसम्म त्यस्ता उद्योगले तिर्नु पर्ने आयकरमा पचास प्रतिशत छुट हुनेछ।

१७.३.२ मूल्य अभिवृद्धि कर सम्बन्धी प्रोत्साहन, सुविधा र सहुलियतः

(क) अनुमति प्राप्त उद्योगको लागि आवश्यक पर्ने मेसिनरी, उपकरण, मेसिनका पाटपूर्जा, कच्चा पदार्थ वा मालसामान ओसार पसार गर्ने प्रयोजनार्थ एक उद्योगको लागि त्यस्तो उद्योगको स्तर हेरी बढीमा तीन वटासम्म सवारी साधन पैठारी गर्दा तिरेको मूल्य अभिवृद्धि करमा शतप्रतिशत कर कट्टी सुविधा पाउनेछ ।

(ख) विशेष आर्थिक क्षेत्रभित्रका उद्योग व्यवसायीबीच हुने वस्तु वा सेवाको व्यापारमा शुन्य दरको सुविधा दिइनेछ ।

१७.३.३भन्सार महसुल छूटः-

(क) निकासी हुने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ्ग सामग्री एवं उत्पादनमा प्रयोग हुने अन्य पदार्थको लागि बैङ्क जमानतको आधारमा भन्सार महशुल छुट हुनेछ ।

(ख) उद्योगको लागि आवश्यक पर्ने प्लान्ट, मेशिनरी, यन्त्र, उपकरण, औजार तथा पाटपूर्जा मा भन्सार महसुल छुट हुनेछ ।

(ग) अनुमति प्राप्त उद्योग व्यवसायले नेपालको आन्तरिक बजारमा बिक्री गर्न पाउने वस्तु वा सेवामा लाग्ने भन्सार महसुल तथा अन्य कर बुझाएपछि त्यस्तो वस्तु वा सेवा बिशेष आर्थिक क्षेत्रबाहिर लैजान पाउनेछ ।

(घ) कुनै पैठारीकर्ताले कुनै मालवस्तु बिशेष आर्थिक क्षेत्र भित्रको उद्योगलाई बिक्री गरेमा त्यस्तो मालवस्तुमा लागेको भन्सार महसुल भन्सार कार्यालयले सम्बन्धित पैठारीकर्तालाई फिर्ता गर्नु पर्नेछ ।

(ङ) इजाजतपत्रवालाले भन्सार छुटमा पैठारी गरेको मालवस्तुको स्वामित्व हस्तान्तरण गर्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

१७.३.४ प्रदेश तथा स्थानीय कर छुटः- उद्योगले उत्पादन गर्ने वस्तु वा सेवा, पैठारी गर्ने मेसिनरी उपकरण, मेसिनका पाटपूर्जा, कच्चा पदार्थ तथा उद्योग स्थापनाको लागि आवश्यक पर्ने अन्य सामग्री र मालसामान ओसार पसार गर्ने प्रयोजनार्थ एक उद्योगको लागि त्यस्तो उद्योगको स्तर हेरी बढीमा तीन वटासम्म सवारी साधनमा प्रचलित कानून बमोजिम लाग्ने कुनै किसिमको स्थानीय कर लाग्ने छैन ।

१७.३.५ निकासीसरहको सुविधा पाउनेः प्रचलित कानून बमोजिम स्थापना भएको कुनै फर्म, कम्पनी वा उद्योगले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगलाई आफ्नो कच्चा पदार्थ वा कुनै उत्पादन बिक्री गरेमा त्यस्तो बिक्रीलाई निकासीसरहको मानी निकासी गरेवापत प्रचलित कानून बमोजिम कुनै सुविधा पाउने भए त्यस्तो फर्म, कम्पनी वा उद्योगले पनि सो सुविधा पाउनेछ ।

१७.३.६ वण्डेड वेयर हाउसको सुविधाः विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई वण्डेड वेयर हाउसको सुविधा अझ सरल र सहज वनाई उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ३० दिनभित्र उपलव्ध गराइनेछ ।

१८. नीतिको कार्यान्वयन

नीतिको प्रभावकारिता यसको नतिजामूलक कार्यान्वयनमा निर्भर रहने तथ्यलाई आत्मसात गरी नीतिको अभिन्न पक्षका रुपमा यसको कार्यान्वयन व्यवस्था रहनेछ । नीतिको प्रभावकारी कार्यान्वयनका लागि सवल र अनुकूल वातावरणको निर्माण गर्ने, नीति कार्यान्वयनसंग सम्वद्ध निकाय र पक्ष एवं सरोकारवालालाई नीतिको कार्यान्वयनमा उनीहरुको भूमिका तथा क्रियाशीलता, नीतिको कार्यान्वयनबाट हुनसक्ने लाभ, आदिका वारेमा सुसूचित हुने गरी सचेतना र पैरबी गरिनेछ । त्यसैगरी, सक्षम संस्थागत व्यवस्था, जवाफदेही व्यवस्था, समन्वय तथा सामन्जस्य, प्रभाावकारी अनुगमन र मूल्याङ्कन, व्यापक सहकार्य र साझेदारी तथा निरन्तर सुधारको पद्धति अवलम्वन गरिनेछ ।

१८.१ नीति कार्यान्वयन योजना

नीतिको उद्देश्य, रणनीति तथा कार्यनीतिमा उल्लिखित विषयको कार्यान्वयनलाई प्राथमिकता निर्धारण गरी योजनावद्ध र व्यवस्थित तवरले उपलब्धी र नतिजाप्रतिको जवाफदेहीपन स्पष्ट हुने गरी प्रमुख सरोकारवाला तथा विज्ञ व्यक्तिसमेतको सहभागितामा मन्त्रालयले औद्योगिक प्रवर्धन बोर्डको सल्लाह र सिफारिसमा समयवद्ध कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ।

१८.२ विभिन्न क्षेत्रगत निकायबीच नीतिगत तथा पद्धतिगत समन्वय र सामन्जस्यका औजार

उद्योग क्षेत्र विभिन्न क्षेत्रगत मन्त्रालय तथा निकायसंग सहकार्य गरी प्रवर्धन, विकास र नियमन तथा लगानी आकर्षण सुनिश्चित गर्नु पर्ने सम्वेदनशील क्षेत्र हो । यस नीतिको सहसम्बन्ध र सहकार्यमा आधारित भै प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि नीति निर्माण तथा निर्णयमा सहनिर्माण र सहकार्य, टोलीगत सहभागिता तथा समूह गतिशीलता, समानुभूति विकासका लागि उपाय अवलम्वन, सन्जालीकरण, आपसी समझदारी विकास एवं सहसमीक्षा जस्ता उपायगत औजारको उपयोग गरिनेछन् ।

१८.३ संस्थागत व्यवस्था

नीतिको कार्यान्वयनलाई प्रभावकारी तुल्याउन तथा उद्योग क्षेत्रको विकास, प्रवर्धन, नियमन तथा संरक्षण कार्यलाई व्यावसायिक क्षमता र दक्षताका साथै जवाफदेहितामा आधारित बनाउन विद्यमान संस्थागत व्यवस्थाको सुदृढीकरण गर्ने गरी नीति व्यवस्थापन एवं संरचनागत, पद्धतिगत, कार्यगत एवं मनोव्यवहारगत रुपमा सक्षमता, जिम्मेवारी र अधिकारसहित देहाय बमोजिमको संस्थागत व्यवस्था क्रियाशील रहनेछन्ः

१८.३.१ उच्चस्तरीय निर्देशन तथा समन्वय समिति

(१) यो नीतिको कार्यान्वयनलाई मार्गदर्शन गर्न, समन्वय गर्न, सामन्जस्य कायम गर्न, समीक्षा गर्न तथा कार्यान्वयनमा आइपर्ने समस्या र जटीलता समाधान गर्न उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयका मन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय “राष्ट्रिय निर्देशन तथा समन्वय समिति” रहनेछ । यसको थप गठन विधि देहाय बमोजिम हुनेछः

क)	राज्यमन्त्री वा सहायक मन्त्री, उद्योग, बाणिज्य तथा आप’र्ति मन्त्रालय	सदस्य
ख)	उपाध्यक्ष, राष्ट्रिय योजना आयोग	सदस्य
ग)	म÷ख्य सचिव, नेपाल सरकार	सदस्य
घ)	गभर्नर, नेपाल राष्ट्र बैंक	सदस्य
ङ)	सचिव, अर्थ मन्त्रालय	सदस्य
च)	सचिव, उद्योग, बाणिज्य तथा आप’र्ति मन्त्रालय	सदस्य
छ)	सचिव, कृषि तथा पश÷पंक्षी मन्त्रालय	सदस्य
ज)	सचिव, श्रम, रोजगार तथा सामाजिक स÷रक्षा मन्त्रालय	सदस्य
झ)	सचिव, भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	सदस्य
ञ)	सचिव, वन तथा वातावरण मन्त्रालय	सदस्य
ट)	अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ	सदस्य
(ठ)	कार्यकारी निर्देशक, लगानी बोर्ड	सदस्य
(ड)	सहसचिव, औद्योगिक प्रवर्धन महाशाखा, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय	सदस्य सचिव

(२) समितिलाई नीतिका विभिन्न विषयगत पक्षमा सहयोग पुõयाउने गरी आवश्यकता अनुसार विषय विज्ञको समूह बनाई जिम्मेवारी दिन सकिनेछ ।

(३) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । अध्यक्षको आदेशानुसार सदस्य सचिवले बैठक आव्हान गर्नेछ ।

(२) समितिको बैठक एक आर्थिक बर्षमा कम्तीमा चार पटक बस्नेछ र दुई बैठकबीचको फरक अवधि तीन महिनाभन्दा बढी हुने छैन ।

(३) समितिले नेपाल सरकारका विभिन्न मन्त्रालय । निकायका प्रमुख तथा सम्बन्धित विषयमा विशेष ज्ञान र अनुभव हासिल गरेको विज्ञ व्यक्तिलाई समितिको बैठकमा सदस्यका रुपमा आमन्त्रित गर्न सक्नेछ ।

(४) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१८.३.२ लगानी बोर्ड

नेपालको उद्योग क्षेत्रको प्रवर्धनका लागि स्वदेशी तथा विदेशी स्रोतको परिचालन गरी औद्योगिक पूर्वाधार संरचना तथा औद्योगिक क्रियाकलापको विकास तथा विस्तार गर्न आवश्यक पर्ने लगानीलाई प्रोत्साहनात्मक तवरले प्रवर्धन गर्ने गरी सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिम स्थापित तथा सो ऐनद्वारा निर्धारित काम, कर्तव्य र अधिकार भएको "लगानी बोर्ड" यस नीतिको कार्यान्वयनको प्रमुख संस्थागत संरचनाका रुपमा रहनेछ । मुलुकमा वृहत् औद्योगिक लगानीको वातावरण निर्माण गर्ने, प्राथमिकता प्रदान गर्ने, उचित संरक्षण र सहजीकरण गर्ने, प्रोत्साहन गर्ने समेत कार्यमा नेतृत्वदायी भूमिका भएको यस उच्चस्तरीय संरचनाले औद्योगिक लगानी प्रवर्धनका लागि नीतिगत सुधार गर्न, पद्धतिगत समानुकूलन गर्न, लगानीकर्तालाई आवश्यक पर्ने सबै किसिमका सेवासुविधा तथा सहयोग एकै थलोबाट प्रदान गर्न तथा लगानीका दृष्टिले उद्योग क्षेत्रको सुधार गर्न प्रधानमन्त्रीको अध्यक्षतामा अधिकारसम्पन्न, सक्षम र प्रभावकारी सङ्गठनको भूमिका र जिम्मेवारी यस बोर्डको हुनेछ ।

१८.३.३ औद्योगिक प्रवर्धन बोर्ड

(१) नीति कार्यान्वयनको महत्वपूर्ण पक्षका रुपमा रहेको औद्योगिक प्रवर्धनलाई विकासात्मक, नियमनात्मक र संरक्षणात्मक दृष्टिले नीतिगत तथा पद्धतिगत सहजणीकरण, समन्वय तथा सामन्जस्य कायम गर्ने दृष्टिले नीतिगत व्यवस्था, निर्णय एवं व्यवस्थापकीय कार्य व्यवस्थित तुल्याउन उद्योग क्षेत्रको विज्ञ समुदाय एवं सरकारी तथा निजी व्यावसायिक क्षेत्रका प्रतिनिधिमूलक निकायको संयोजित सहभागिता सुनिश्चित हुने गरी एक "औद्योगिक प्रवर्धन बोर्ड" को गठन गरिनेछ । बोर्डको गठन विधि देहाय बमोजिम हुनेछः

(क)	उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्री वा राज्यमन्त्री	अध्यक्ष
(ख)	उद्योग, बाणिज्य तथा आपूर्ति राज्यमन्त्री र÷वा सहायक मन्त्री	सदस्य
(ग)	सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग क्षेत्रको जिम्मेवारी भएको)	सदस्य
(घ)	गभर्नर, नेपाल राष्ट्र बैंक	सदस्य
(ङ)	सचिव, (उद्योग हेर्ने), उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय	सदस्य
(च)	सचिव, अर्थ मन्त्रालय	सदस्य

(छ)	सचिव, उर्जा तथा जलस्रोत मन्त्रालय	सदस्य
(ज)	सचिव, वन तथा वातावरण मन्त्रालय	सदस्य
(झ)	सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	सदस्य
(ञ)	अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ	सदस्य
(ट)	अध्यक्ष, नेपाल उद्योग परिसंघ	सदस्य
(ठ)	अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ	सदस्य
(ड)	अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स	सदस्य
(ढ)	संयोजक, संयुक्त ट्रेड युनियन समन्वय समिति	सदस्य
(ण)	कार्यकारी निर्देशक, लगानी बोर्ड	सदस्य
(त)	उद्योग क्षेत्रका विज्ञहरुमध्येबाट (२ जना महिला र २ जना पुरुष) नेपाल सरकारद्वारा मनोनित	सदस्य
(थ)	महानिर्देशक, उद्योग विभाग	सदस्य सचिव

(२) औद्योगिक प्रवर्धन बोर्डको काम, कर्तव्य र अधिकारः बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) औद्योगिक नीति कार्यान्वयन एवं औद्योगिक लगानी प्रवर्धनका लागि सवल र अनुकूल वातावरण निर्माण गर्ने।

(ख) मुलुकको औद्योगीकरणका लागि आवश्यक पर्ने नीति तथा कानुनी व्यवस्था, योजना तर्जुमा, संरचनागत सुधारका लागि आवश्यक सहयोग पुर्‍याउने ।

(ग) नीतिको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत व्यवस्था र कार्यान्वयनबीच समन्वय र सामन्जस्य कायम गर्ने।

(घ) उद्योग सन्चालनलाई वातावरणीय संरक्षण तथा जनस्वास्थ्यका दृष्टिले उपयुक्त हुने गरी औद्योगिक प्रदूषण नियन्त्रणको लागि स्वीकृत मापदण्ड बमोजिम परिपालना तथा कार्यान्वयनका लागि मार्गदर्शन गर्ने।

(ङ) उद्योग क्षेत्रको विकास, नियमन, प्रवर्धन तथा संरक्षणको समग्र मूल्यांकन तथा लेखाजोखा गरी नेपाल सरकारलाई सुझाव तथा सिफारिस प्रस्तुत गर्ने।

(च) औद्योगिक लगानीसम्वद्ध समस्या र चुनौतीको लेखाजोखा तथा विश्लेषण गरी समाधान तथा सम्वोधन गर्न नेपाल सरकार तथा लगानी बार्डलाई सुझाव तथा सिफारिस गर्ने।

(छ) उद्योग क्षेत्रलाई प्रदान गरिने प्रोत्साहन, सेवासुविधा तथा सहुलियतको कार्यान्वयन सम्बन्धी गुनासो तथा समस्याको समाधान गर्न समन्वयात्मक तवरले कार्य गर्ने र आवश्यक निर्देशन दिने।

(ज) उद्योग व्यवसायलाई प्रदान गरिने सेवाको स्तर सुधार गर्ने तथा सेवाप्रवाहलाई प्रभावकारी बनाउने, एकद्वार प्रणाली तथा एकल विन्दु सेवा एकाइलाई सुदृढ तुल्याउने।

(झ) उद्योग क्षेत्रको एकीकृत व्यवस्थापन सूचना तथा तथ्याङ्क प्रणालीको कार्यान्वयन तथा अद्यावधिक गर्ने र यसका लागि औद्योगिक प्रलेख स्रोत तथा सूचना केन्द्रको सन्चालनका लागि मार्गदर्शन गर्ने।

(ञ) औद्योगिक व्यवस्थापन तथा नियमन एवं औद्योगिक लगानी वृद्धि गर्न तथा उद्योगका लागि प्रदान गरिएको प्रोत्साहनात्मक व्यवस्थामा सुधार गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने।

(ट) प्रदेश तथा स्थानीय तहमा औद्योगिक प्रवर्धनका लागि समन्वय र सामन्जस्य कायम गरी मार्गदर्शन गर्ने ।

(ठ) नेपाल सरकारले तोके बमोजिमका काम, कर्तव्य र अधिकार अन्तर्गतका कार्यसम्पादन गर्ने।

(३) औद्योगिक प्रवर्धन बोर्डको सचिवालय छुट्टै रहनेछ । सचिवालयको व्यवस्थापन उद्योग विभागले गर्नेछ।

(४) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बोर्ड सदस्यहरुमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

(५) बोर्डले आवश्यक देखेमा कुनै सरकारी वा व्यावसायिक क्षेत्रको निकायका प्रतिनिधि, कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा विषयविज्ञलाई बोर्डको बैठकमा आमन्त्रित सदस्यका रुपमा वा पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(६) बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१८.३.४ औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

उद्योग व्यवसायको विकास कार्यमा संलग्न सरकारी तथा निजी क्षेत्रका संघ संस्थाहरूको जनशक्ति एवं प्रविधि विकास गर्न विभिन्न प्रकारका प्रशिक्षकहरूको प्रशिक्षण, व्यवस्थापन र परामर्श सेवा प्रदान गर्न तथा अनुसन्धान, प्रशिक्षण तथा उत्पादकत्व अभिवृद्धिसम्बन्धी कार्य गर्न स्थापित औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, बुटवल टेक्निकल इन्स्टिच्यूट, घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र,, सीपविकास तालिम केन्द्र जस्ता संस्थाहरूलाई घढ एकीकरण गरी छुट्टै कानून अन्तरगत औद्योगिक जनशक्ति विकास प्रतिष्ठानको स्थापना गरिने छ ।

१८.३.५ विशेष आर्थिक क्षेत्र प्राधिकरण

(क) नेपालमा औद्योगीकरणको विकास र विस्तारको प्रक्रियालाई तीव्रता दिने तथा निर्यातजन्य औद्योगिक वस्तुको उत्पादन वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान दिनका लागि विशेष आर्थिक क्षेत्र प्रधिकरणको महत्वपूर्ण संस्थागत भूमिका रहनेछ। साथै हाल औद्योगिक क्षेत्रहरूको पूर्वाधार व्यवस्था तथा सेवा व्यवस्थापनमा सुधार ल्याई औद्योगिक क्षेत्रको विस्तारलगायत त्यस्ता क्षेत्रमा स्थापित उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न आवश्यक कार्यक्रमहरू संचालन गर्नका लागि हालको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई यसै प्राधिकरणमा एकीकरण गरी कानुनी रुपमा संस्थागत सुदृढीकरण सहित सक्षम तुल्याइनेछ।

(ख) संघ तहका औद्योगिक क्षेत्रको व्यवस्थापन विशेष आर्थिक क्षेत्र प्राधिकरणले गर्नेछ । प्रदेश तहमा रहेका औद्योगिक क्षेत्र तथा औद्योगिक ग्रामको सन्चालन तथा व्यवस्थापन प्रदेश सरकारले गर्नेछ । त्यसैगरी,

स्थानीय तहमा व्यवस्थित औद्योगिक क्षेत्र तथा औद्योगिक ग्रामको सन्चालन स्थानीय तहले गर्ने गरी व्यवस्था गरिनेछ ।

(ग) प्रदेश तथा स्थानीय तहमा सन्चालन तथा व्यवस्थापन गरिने औद्योगिक क्षेत्र तथा औद्योगिक ग्रामको प्रभावकारी सन्चालनका लागि विशेष आर्थिक क्षेत्र प्राधिकरणले प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

१८.३.६ राष्ट्रिय उत्पादकत्व परिषद

नेपालमा उद्योग व्यवसायको उत्पादकत्व अभिवृद्धि गरी उद्योग क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गर्नका लागि अनुसन्धान, परामर्श, प्रशिक्षण तथा क्षमता विकासका कार्य गर्ने गरी राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको संस्थागत सुदृढीकरण गरी छुट्टै राष्ट्रिय उत्पादकत्व परिषदको स्थापना गरिनेछ ।

१८.३.७ उद्योग विभाग

(क) औद्योगिक विकास, प्रवर्धन तथा प्रभावकारी नियमनका माध्यमबाट यस नीति तथा औद्योगिक व्यवसाय तथा विदेशी लगानी प्रवर्धन एवं व्यवस्थापन गर्ने सम्बन्धी कानुनी तथा पद्धतिगत व्यवस्थाको कार्यान्वयन गर्ने गरी प्रमुख विभागीय निकायका रुपमा उद्योग विभाग रहनेछ । यसले औद्योगिक प्रवर्धन बोर्ड तथा एकल विन्दु सेवा केन्द्रको सचिवालयको रुपमा समेत कार्यसम्पादन गर्नेछ ।

(ख) अनुमति लिनुपर्ने सबैस्तरका अनुसूची ८ मा उल्लेखित उद्योगको अनुमति दिने, मन्त्रालय तथा लगानी वोर्डमा प्रस्तुत गरी निर्णय लिनुपर्ने उद्योगहरू वाहेक मझौला तथा ठूला उद्योगको दर्ता, प्रशासन, सुविधा र सहुलियत तथा सहजीकरणसम्बन्धी कार्यका साथै विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको स्वीकृति, अभिलेख र प्रशासनको काम उद्योग विभागले गर्नेछ ।

(ग) औद्योगिक वातावरण प्रदुषण नियन्त्रण र अनुगमनसम्वन्धी तोकिएको काम उद्योग विभागबाट सम्पादन हुने गरी क्षमता विकास गरिनेछ ।

(घ) उद्योग विभागले उद्योग संचालनको अनुगमन गर्ने, रुग्ण उद्योगको पुनरुथापन तथा पुनरुत्थानका लागि कार्यक्रम संचालन गर्ने, कार्यान्वयनस्तरमा समन्वय गर्ने र समस्या समाधान गर्ने, आदि कार्यको जिम्मेवारी वहन गर्नेछ ।

(ङ) औद्योगिक प्रवर्धन वोर्ड र उद्योग विभागले सम्पादन गरेको कामको उपलब्धि, समस्या र चुनौती तथा सुधारका उपायसहितको आवधिक प्रतिवेदन विभागले तयार गरी चौमासिक रूपमा मन्त्रालयसमक्ष पेश गरी सार्वजनिक गर्नेछ ।

१८.३.८ एकल बिन्दु सेवा केन्द्र

(क) कानुनद्वारा उद्योग व्यवसायलाई प्रदत्त सुविधा, सहुलियत तथा पूर्वाधार सेवा समयमै बिना झन्झट सक्षम तवरले एकै थलोबाट उद्योगलाई उपलब्ध गराउन उद्योग विभागमा प्रविधिगत, जनशक्ति, पूर्वाधार तथा व्यवस्थापकीय तवरले क्षमतायुक्त एकल बिन्दु सेवा केन्द्रको व्यवस्था गरिनेछ ।

(ख) एकल बिन्दु सेवा केन्द्रलाई कार्यकारी रुपमा अधिकारसम्पन्न तथा उच्च कार्यसम्पादन क्षमता भएको संयन्त्रका रुपमा सुदृढ तुल्याउने गरी कानुनी तथा संस्थागत सुधार गरिनेछ ।

१८.३.९ नेपाल गुणस्तर तथा नापतौल विभाग

(क) औद्योगिक उत्पादनको गुणस्तरीयता सुनिश्चित गर्नका लागि हालको नेपाल गुणस्तर तथा नापतौल विभागको संस्थागत सुदृढीकरण गरी स्तरोन्नति गरिनेछ ।

(ख) निकासीजन्य वस्तुको प्रमाणीकरण प्रक्रियामा विश्वस्तर तथा क्षेत्रीयस्तरमा कार्यसम्पादन गर्न सक्षम हुने गरी नेपाल गुणस्तर तथा नापतौल विभागलाई मुख्य विशेषज्ञ निकायको रूपमा सुदृढ तुल्याइनेछ ।

(ग) स्वदेशी उद्योगवाट उत्पादित वस्तुको (खाद्य र औषधिवाहेक) गुणस्तर प्रमाणीकरण र अनुगमनको कार्यसम्पादन विभागले गर्नेछ ।

(घ) विभागको कार्यक्षमतालाई सुदृढ र व्यापक तुल्याउन संरचनागत सुधारका अतिरिक्त आवश्यक थप प्राविधिक जनशक्तिको व्यवस्था, प्रयोगशाला र तालिम केन्द्रको व्यवस्थासहित कार्यपद्धति एवं साधनस्रोतसम्बन्धी व्यवस्थामा समयसामयिक सुधार गरिनेछ ।

१८.३.१० बौद्धिक सम्पत्ति संरक्षण कार्यालयः-

(क) बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी समग्र कार्यक्षेत्र र जिम्मेवारीलाई समेटी विशेषज्ञ क्षमता तथा संस्थागत र प्रविधिगत क्षमता भएको बौद्धिक सम्पत्ति संरक्षण कार्यालयको स्थापना गरी कानुन बमोजिम अधिकारसम्पन्न तुल्याइनेछ ।

(ख) बौद्धिक सम्पत्ति अधिकारको प्रवर्धन, नियमन र प्रभावकारी संरक्षण एवं सहजीकरणको काम यस कार्यालयले गर्नेछ ।

(ग) यस कार्यालयमा वौद्धिक सम्पत्ति सम्बन्धी एक सुविधासम्पन्न प्रलेख स्रोत तथा सूचना केन्द्रको संस्थागत व्यवस्था गरी सन्चालन गरिनेछ ।

१८.३.११ कम्पनी रजिष्ट्रारको कार्यालय

(क) कम्पनी रजिष्ट्रारको कार्यालयलाई सक्षम तवरले कार्यसम्पादन गर्नसक्ने गरी उक्त कार्यालयको संस्थागत सुधार गरिनेछ ।

(ख) कम्पनी रजिष्ट्रारको कार्यालयबाट हँुदै गरेको कार्यलाई पूर्ण रुपमा डिजिटाइजेशन तथा डिजिटलाइजेशन गरी सूचना प्रविधिमा आधारित कार्यसम्पादन तथा सेवाप्रवाह प्रणालीलाई सक्षम तुल्याइनेछ ।

(ग) कम्पनी रजिष्ट्रारको कार्यालयलाई उच्चतहको कार्यसम्पादन गर्न सक्षम हुने गरी व्यवस्थित र सुदृढ तुल्याउन कम्पनी कानूनलाई समसामयिक रुपमा पुनरावलोकन गरी कानुनी सुधार गरिनेछ ।

१८.३.१२ खानी तथा भूगर्भ विभाग

यस विभागलाई खानी तथा भूगर्भ सम्बन्धी विषयको अध्ययन अनुसन्धान, प्रवर्धन तथा नियमन एवं व्यवस्थापनको जिम्मेवारी निर्वाह गर्न सक्ने गरी प्रभावकारी बनाउन आवश्यकता अनुसार प्राविधिक जनशक्ति, भौतिक तथा वित्तीय साधनस्रोतको पर्याप्त व्यवस्था सहितको उच्चस्तरको कार्यसम्पादन गर्ने विशेषज्ञ निकायका रुपमा का साथै क्षेत्रीय कार्यालयहरूको व्यवस्था गरिनेछ ।

१८.३.१३ नेपाल व्यवसाय मन्च

सार्वजनिक‘निजी क्षेत्रबीच नियमित संवाद र सहकार्यको संस्थागत व्यवस्थाबाट मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्न सक्ने तथ्यलाई मनन् गर्दै उद्योग व्यवसायसँग सम्बन्धित नीति एवं कानूनको प्रभावकारी कार्यान्वयन तथा मूल्यांकनका सम्बद्ध बिषय तथा सरोकारका मुद्दा (Issues and Concerns) मा सार्वजनिक र निजी क्षेत्रबीच नियमित संवाद र सहकार्यलाई अभिप्रेरित गर्न, व्यवसाय संचालन र लगानी अभिवृद्धिमा आईपर्न्ने बाधा, अवरोध, तथा समस्याको पहिचान गर्न, व्यवसाय संचालन र लगानी अभिबृद्धि एवं विकासका लागि सरकारलाई आवश्यक सुझाव र सिफारिस गर्न, त्यस्ता सिफारिसहरुको कार्यान्वयन र अनुगमन गर्न सघाउनका साथै सार्वजनिक एवं निजी क्षेत्रबीच नियमित परिणाममुखी र पारदर्शी संवादका लागि संस्थागत आधार प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको नेपाल व्यवसाय मञ्चको सुदृढीकरण गरी क्रियाशील तुल्याइनेछ ।

१८.३.१४ प्रदेश तथा स्थानीय तहका औद्योगिक कार्यमन्च (Sub-National Industrial Platforms)

प्रदेश तथा स्थानीय तहमा विकसित औद्योगिक इकोसिस्टमका रुपमा व्यवसाय स्टार्टअप, व्यवसाय सम्वर्द्धन (Business Incubation), नवीन उत्पादन प्रविधिको विकास तथा उपयोग, उद्यमशीलता प्रवर्धन र विकास, व्यावसायिक सूचना तथा जानकारीको सन्जालीकरण, आदिको सुविधाको एकीकृत रुपमा व्यवस्थापन गरी उपयोग गर्ने सेवासुविधा उपलब्ध गराई उद्योग व्यवसायलाई टेवा प्रदान गर्न प्रदेश तथा स्थानीय तहमा उद्योग हेर्ने संस्थागत निकाय मार्फत व्यवस्थापन हुने गरी प्रदेश तथा स्थानीय तहका औद्योगिक कार्यमन्च (Sub-National Industrial Platforms) को संस्थागत विकास गर्न प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराइनेछ । यस संरचनामा खासगरी देहायका सेवा सन्चालनको प्राविधिक तथा व्यवस्थापनकीय क्षमता रहनेछन्ः

(क) इ कमर्स सेवा

(ख) लगानी प्रवर्धन, व्यवसाय सम्वद्र्धन तथा स्टार्टअप सेवा

(ग) प्रविधि विकास र नवप्रवर्तन

(घ) औद्योगिक सूचना व्यवस्थापन तथा सन्जालीकरण

(ङ) उद्यमशीलता प्रवर्धन सेवा तथा औद्योगिक जनशक्ति विकास

(च) वित्तीय तथा प्राविधिक सेवाको सहजीकरण

(छ) सार्वजनिक निजी साझेदारी सहयोग

(ज) उत्पादित वस्तुको बजारीकरण सहयोग तथा अनुसन्धान

(झ) एकल विन्दु सेवा एकाइको क्षमता विकास तथा प्रभावकारी औद्योगिक सेवा

१९. आर्थिक पक्ष

प्रस्तुत नीतिको कार्यान्वयनबाट औद्योगिक क्रियाकलापमा थप वृद्धि भई लगानी वृद्धि, गुणात्मक उत्पादनमा बढोत्तरी तथा उत्पादकत्व अभिवृद्धि, उत्पादनशील र दक्ष जनशक्तिको विकास र रोजगारी सृजना, निर्यात वृद्धि, औद्योगिक संस्कारको विकासको माध्यमबाट देशको समष्टिगत आर्थिक विकासमा योगदान पुग्न जाने हुंदा यस नीतिलाई समष्टीगत आर्थिक नीतिको मेरुदण्डका रुपमा मान्य तुल्याइनेछ ।

(१) यस नीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापनका लागि सार्वजनिक क्षेत्रको लगानी संरचनामा नीतिमा उल्लिखित उद्देश्य अनुसारको उपलब्धि हासिल गर्न आवश्यक पर्ने लगानीको कार्यढांचासहित प्राथमिकता दिइनेछ । उद्योग क्षेत्रको कार्यसम्पादन प्रगतिका आधारमा सार्वजनिक स्रोत व्यवस्थापनको आकार फराकिलो तुल्याउंदै लगिनेछ । यसलाई संघ तह, प्रदेश तह र स्थानीय तहमा उपयुक्त तवरले सामन्जस्य कायम गरिनेछ ।

(२) उद्योग क्षेत्रको प्रवर्धन, विकास, नियमन तथा संरक्षणका विषयमा यस नीतिलाई सर्वोच्च नीतिका रुपमा आत्मसात गरिनेछ । साथै, मुलुकको समष्टीगत आर्थिक नीति, मौद्रिक तथा वित्त नीतिको अभिन्न पक्षका रुपमा अङ्गिकार गरिनेछ । यस अनुसार सरकारको आवधिक योजना, मध्यकालीन खर्च संरचना र बार्षिक नीति, कार्यक्रम र बजेटमा समावेश गर्ने गरी आर्थिक विषयमा समन्वय र सामन्जस्य कायम गरिनेछ । यसमा उद्योग क्षेत्रको लागत कार्यढांचा ९ऋयकतष्लन ँचबmभधयचप० तर्जुमा गरिनेछ । यस क्षेत्रमा वित्तीय प्रावधान विनाको प्रतिवद्धता ९गलागलमभम अयmmष्तmभलत० को स्थिति हुन नदिने गरी साधनस्रोतको भरपर्दो व्यवस्था गरिनेछ ।

(३) उद्योग क्षेत्रको लगानीलाई योजनावद्ध र व्यवस्थित तुल्याउन सार्वजनिक तथा निजी औद्योगिक लगानी प्रवर्धनको अवधारणा र रणनीति अवलम्वन गरिनेछ र आर्थिक समृद्धिको प्रमुख आधरका रुपमा रहेको यस क्षेत्रलाई उच्च प्राथमिकतासहित सरकारी क्षेत्रबाट पर्याप्त लगानी गर्नका लागि अनुकूल वातावरण निर्माण गरिनेछ ।

(४) मुलुकको औद्योगीकरणमा मुख्य भूमिका खेल्न सक्षम हुने गरी सहकारी क्षेत्रको वित्तीय क्षमतालाई उद्यमशीलता विकास, उत्पादनशील क्षेत्रमा औद्योगिक लगानी तथा स्थानीयस्तरमा आयआर्जन तथा रोजगारी सृजना हुने गरी लघु उद्यममा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

(५) उद्योग क्षेत्रको प्रवर्धन, संरक्षण तथा जोखिम व्यवस्थापनका लागि देहायका कोषको स्थापना र सन्चालन गरिनेछन्:

(क) उद्योग क्षेत्रको जोखिम व्यवस्थापन कोष

(ख) औद्योगिक लगानी सम्भाव्यता परिपूर्ति कोष

(ग) औद्योगिक पूर्वाधार विकास कोष

(घ) महिला उद्यमशीलता विकास कोष

(ङ) लघु उद्यम विकास कोष

(च) औद्योगिक नवप्रवर्तन कोष

२०. कानुनी व्यवस्था

(क) उद्योग क्षेत्रको कानुनी व्यवस्थामा परिमार्जन तथा संशोधन गर्दा नियमन, प्रवर्धन र विकास, संरक्षण एवं सहकार्य र साझेदारीलाई बढावा दिने गरी कार्यसम्पादन र सेवाप्रवाहका दृष्टिले सहज र सरल तुल्याइनेछ ।

(ख) उद्योग क्षेत्रको प्रवर्धन र विकास, संरक्षण तथा नियमनको कानुनी प्रभावकारिताका लागि पर्याप्त, उपयुक्त तथा कार्यान्वयनयोग्य तवरले औद्योगिक व्यवसाय, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण, सार्वजनिक निजी साझेदारी, कम्पनी, भूमि व्यवस्था तथा वातावरण संरक्षण, श्रम लगायतका क्षेत्रका कानुनी व्यवस्थामा तथ्यगत लेखाजोखा तथा विश्लेषण गरी सोही आधारमा परिमार्जन तथा समानुकूलन गरिनेछ ।

(ग) संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन हुने गरी बहुतहगत सरकारको उद्योग क्षेत्रमा प्रवर्धन र विकास, संरक्षण तथा नियमन सम्बन्धी कार्यक्षेत्राधिकार र जिम्मेवारी संविधान अनुकूल हुनेगरी उद्योग क्षेत्रको कानुनी व्यवस्थामा स्पष्ट गरिनेछ ।

(घ) औद्योगिक व्यवसाय ऐन लगायत उद्योग सम्वद्ध कानुनी व्यवस्थाको कार्यान्वयन, उपलब्धि तथा प्रभावका वारेमा प्रत्येक तीन बर्षमा स्वतन्त्र रुपमा कानुनी व्यवस्थाको परीक्षण (Legal Audig) गरिनेछ।

२१. अनुगमन र मूल्यांकन

नीतिले परिलक्षित गरेको उद्देश्य अनुरुपको उपलब्धि र नतिजा हासिल गर्नका लागि देहाय बमोजिमको अनुगमन र मूल्याङ्कन व्यवस्था कार्यान्वयनमा ल्याइनेछः

(क) यस नीतिको कार्यान्वयनको मूल्याङ्कनको जिम्मेवारी देहाय बमोजिम हुनेछः

१.	प्रभाव तहको मूल्याङ्कन	राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा सम्बन्धित र मन्त्रालयबाट
२.	औद्योगिक सुशासनको मूल्याङ्कन	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट
३.	कार्यक्रमगत तहको मूल्याङ्कन	मन्त्रालय तथा विभागबाट
	लगानी व्यवस्थाको मूल्याङ्कन	लगानी बोर्ड तथा औद्योगिक प्रवर्धन बोर्डबाट
४.	प्रदेश तहको नीति कार्यान्वयनको मूल्याङ्कन	प्रदेश सरकार
५.	स्थानीय तहको नीति कार्यान्वयनको मूल्याङ्कन	स्थानीय सरकार
६.	नीति परीक्षण	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

(ख) नीतिको कार्यान्वयनलाई उपलब्धि र नतिजाका आधारित तुल्याउन विद्यमान अनुगमन र मूल्याङ्कन पद्धतिमा आवश्यक समानुकूलन तथा परिमार्जन गरिनेछ । यसका लागि औद्योगिक नीति कार्यान्वयनको अनुगमन र मूल्यांकनलाई व्यवस्थित र पारदर्शी तुल्याउन छुट्टै अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई कार्यान्वयनमा ल्याइनेछ ।

(ग) नीति कार्यान्वयनको प्रभावकारिता मापनका लागि उपलब्धीको अनुगमन तथा मूल्याङ्कन गर्नका नीति कार्यान्वयन कार्यढांचा तथा कार्यसम्पादन नतिजा परीक्षण सूचक निर्माण गरी उपयोग गरिनेछ ।

(घ) नीतिको आवधिक रुपमा गरिने समीक्षा तथा मूल्याङ्कनलाई राष्ट्रिय विकास समस्या समाधान समिति, प्रादेशिक विकास समस्या समाधान समितिमा आवद्ध गरी नीतिगत कार्यसम्पादन र प्रगतिको समीक्षा गर्ने तथा कार्यान्वयन तहको समस्याको पहिचान गरी समाधान गर्ने विधि अवलम्वन गरिनेछ ।

(ङ) नीतिको कार्यान्वयनको अनुगमन र मूल्यांकनलाई मन्त्रालय, प्रदेश तथा स्थानीय तहको चौमासिक तथा बार्षिक समीक्षा पद्धतिमा एकाकार गरिनेछ ।

(च) मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई नीति कार्यान्वयनको नतिजामूलक उपलब्धी र प्रभावकारिता अनुगमन र मूल्याङ्कनगर्न तथा सो का आधारमा सुधार गर्नका लागि सक्षम बनाइनेछ ।

(छ) नीतिको अनुगमन र मूल्यांकनलाई वस्तुगत तथ्य र प्रमाणमा आधारित तुल्याउन एकीकृत औद्योगिक सूचना व्यवस्थापन पद्धतिमा आधारित अनुगमन, समीक्षा र मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र क्रियाशील तुल्याइनेछ । यसका लागि सूचनाको सन्जालीकरण तथा सूचना प्रविधिमा आधारित प्रतिवेदन प्रणालीको उपयोग गरिनेछ ।

(ज) उद्योग क्षेत्रको विकास तथा व्यवस्थापनका लागि संचालन गरिने कार्यक्रमगत तथा व्यावसायिक क्रियाकलापको अनुगमनका लागि उद्योग विभाग तथा उद्योगसम्बद्ध संघसंस्थालाई जिम्मेवार तुल्याउने गरी संस्थागत क्षमता सुदृढ गरिनेछ ।

(छ) नीतिको प्रदेश तह तथा स्थानीय तहमा प्रभावकारी रुपमा कार्यान्वयनका लागि प्रदेश सरकार तथा स्थानीय तहबीच आपसि सामन्जस्य र समझदारी कायम गरिनेछ ।

(छ) संघ, प्रदेश र स्थानीय तहमा गरिने औद्योगिक नीति कार्यान्वयनको समीक्षा गोष्ठी एव ंराष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा यस नीतिको कार्यान्वयनको समेत अनुगमन तथा समीक्षा गरिनेछ ।

(ज) प्रदेश तथा स्थानीय तहसमेतको नीतिसम्बन्धी कार्यप्रगतिको वस्तुस्थितिको सम्बन्धमा संघीय तहमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गरिनेछ ।

(झ) नीति कार्यान्वयनको नतिजालाई सम्वद्ध पक्ष र सरोकारवालालाई सुसूचित गर्ने गरी प्रत्येक बर्ष सार्वजनिकीकरण गरी विकासात्मक अनुपोषण प्राप्त गरिनेछ ।

(ञ) प्रदेश तथा स्थानीय तहको उद्योग क्षेत्रको प्रभावकारिताको मूल्यांकनका आधारमा प्रोत्साहन गर्ने पद्धति अवलम्वन गरिनेछ ।

(ट) उद्योग क्षेत्रको आर्थिक तथा सामाजिक योगदानलाई तथ्यगत प्रमाणमा आधारित तुल्याउन उद्योग सर्वेक्षण तथा अनुसन्धानको कार्यलाई थप सुदृढ तुल्याइनेछ र समयवद्ध रुपमा सर्वेक्षणमा आधारित औद्योगिक तथ्यांकलाई अद्यावधिक गरिनेछ । यस्तो सर्वेक्षण तथा अनुसन्धानको नतिजा सार्वजनिक समेत गरिनेछ ।

(ठ) यस नीतिको नीति परीक्षण (Policy Audit) प्रत्येक तीन बर्षमा नीति अनुसन्धान प्रतिष्ठानबाट गराइनेछ ।

२२. नीति कार्यान्वयनका सम्भाव्य जोखिम र तिनको समाधान

यस नीतिको प्रभावकारी कार्यान्वयनमा दुई प्रकृतिका जोखिमको सम्भावना प्रवल रहन्छः पहिलोमा, नीति कार्यान्वयन व्यवस्था (संस्थागत क्षमता, विधि र पद्धति, कार्यान्वयनको मनोविज्ञान, आदि) तथा दोस्रोमा, उद्योग क्षेत्रको व्यावसायिक (Business-Induced) तथा गैरव्यावसायिक (Non Business Drives) जोखिम पर्दछन् । साथै, वाह्य तथा आन्तरिक दुबै कारणले जोखिमको सम्भाव्यता रहन्छ । आन्तरिक कारणमा औद्योगिक सुशासनको जटीलता, शासनमा अन्तर्नीतिगत तथा अन्तर्पद्धतिगत स्वार्थको द्वन्द्वको स्थिति, नीतिगत परिवर्तनको प्रभाव, उद्यमशीलता तथा व्यावसायिक सक्षमताको अभाव, औद्योगिक प्रविधि र बजार प्रणालीको मनोविज्ञानमा आउन सक्ने परिवर्तन, आदि पर्दछन् भने वाह्य कारणमा विश्व अर्थव्यवस्थामा आउन सक्ने परिवर्तन, राजनीतिक अस्थीरता, विपद् तथा महामारी र उद्योगमा पर्नसक्ने असर, उद्यमशीलता विपरीतको सामाजिक प्रतिकार्य, जस्ता कारणले नीतिको कार्यान्वयनमा बहुआयामिक जोखिमको सम्भावना रहन्छ । त्यसैगरी नेपालको आधारभूत समुदाय उद्यमशील छैन । यस अर्थमा सामुदायिक सद्भाव र सहयोगमा उद्योग व्यवसाय फस्टाउने कुरा जटील र जोखिमयुक्त छ ।

उद्योग क्षेत्र अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा प्रतिस्पर्धा गर्नुपर्ने भएको र आगामि दिनमा भूअर्थ राजनीतिक (Geo-Politico-Economy) अस्थीरताले उद्योग क्षेत्रको स्थिति प्रक्षेपण गर्न नसकिने हुन्छ र जोखिमको तीव्रता झन गम्भीर प्रकृतिको हुन जान्छ । औद्योगिक उत्पादनको गुणस्तर र उत्पादकत्वमा वृद्धि गरी प्रतिस्पर्धी वस्तु तथा सेवाको उत्पादन तथा बजारीकरण गर्न नसकिएमा नेपाली उद्योग व्यवसाय सीमान्तीकृत हुन सक्ने सम्भावना रहेको हुँदा यस पक्षलाई ध्यानमा राखि जोखिमको विश्लेषण र पूर्वानुमान एवं प्रक्षेपण क्षमता नीति कार्यान्वयनको अभिन्न पक्षका रुपमा रहनु अपरिहार्य रहन्छ र यसका लागि नीति कार्यान्वयनको अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी वनाई समस्या र जोखिमको समाधान गर्ने क्षमता र इच्छाशक्तिको आवश्यकता पर्दछ । नीतिको समीक्षा तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणका आधारमा नीतिगत सुधार, संरचनागत सुधार, कानुनी परिमार्जन तथा पद्धतिगत सुधारको प्रक्रियालाई निरन्तरता दिनु पर्ने हुन्छ । साथै, उद्योग क्षेत्रको योगदान राजश्व अभिवृद्धितर्फ भन्दा पनि रोजगारी सृजना, आय आर्जन एवं कूल राष्ट्रिय उत्पादनमा अभिवृद्धितर्फ परिलक्षित गर्न सकिएमा मात्र उद्योग क्षेत्रको सम्भाव्य जोखिमको व्यवस्थापनका लागि विकासका लागि सकारात्मक र सवल वातावरण सृजना हुन जाने हुन्छ ।

१७. मार्गदर्शनका रुपमा रहने

यो नीति संघ, प्रदेश तथा स्थानीय तहका लागि मार्गदर्शनका रुपमा रहनेछ । प्रदेश तथा स्थानीय सरकारले आआफ्नो उद्योग सम्वद्ध वस्तुस्थिति स्थितिको लेखाजोखा, विश्लेषण एवं मूल्यांकनका आधारमा उद्योग क्षेत्रको विकास, प्रवर्धन र

नियमनका लागि आआफ्नो नीतिगत, कानुनी तथा कार्यविधिगत व्यवस्थाको समानुकूलन (Customization) गरी कार्यान्वयन गर्नेछन् ।

१८. नीतिमा परिमार्जन तथा सुधार

(क) यो नीति एक गतिशील दस्तावेजका रुपमा रहनेछ र समयसापेक्ष रुपमा नीतिको विश्लेषण र मूल्याङ्कन गरी आवश्यकता र औचित्यका आधारमा परिमार्जन गर्दै लगिनेछ ।

(ख) यो नीतिको अवधि पांच बर्षको हुनेछ । प्रत्येक बर्ष नीति कार्यान्वयनको समीक्षा र मूल्याङ्कन गरिनेछ र कार्यान्वयनमा देखिएका समस्या समाधान गरी कार्यान्वयन व्यवस्थामा आवश्यक परिमार्जन र सुधार गर्दै लगिनेछ ।

(ग) नीतिको परिमार्जन तथा सुधार गर्दा लागि नेपाल सरकारले प्रदेश सरकार एवम् स्थानीय तहसमेतको पृष्ठपोषण र सुझावका आधारमा नीतिको प्रभावकारिताको मूल्याङ्कन तथा समीक्षा गर्नेछ । मूल्यांकन तथा समीक्षाबाट प्राप्त सिकाइ एवम् विज्ञ तथा सरोकारवालाको पृष्ठपोषणसमेतका आधारमा नीतिको प्रावधानमा परिमार्जन तथा कार्यान्वयन व्यवस्थामा आवश्यक सुधार गरी नीतिलाई प्रभावकारी तुल्याइनेछ ।

१९. प्रतिस्थापन

औद्योगिक नीति, २०६७ प्रतिस्थापन गरिएको छ ।

*** *** ***

अनुसूची–१

(दफा सँग सम्बन्धित)

कृषि तथा वन पैदावारमा आधारित उद्योग व्यवसाय

१. फलफूल खेती / फलफूल प्रशोधन

२. खाद्य प्रशोधन र बजारीकरण

३. पशुपालन र पशु प्रजनन, पशुपंक्षी पालन र प्रजनन

४. दुध उद्योग (दुधका परिकार उत्पादन समेत)

५. कुखुरापालन/चल्ला काढ्ने व्यवसाय

६. मत्स्य पालन/भुरा उत्पादन

७. रेशम खेती तथा रेशम प्रशोधन

८. चिया बगान/ चिया प्रशोधन

९. कफी खेती/कफी प्रशोधन

१०. जडिवुटी खेती / जडिबुटी प्रशोधन / जडिबुटीमा आधारित उद्यम

११. तरकारी बीउ बिजन उत्पादन तथा बजारीकरण

१२. तरकारी खेती / तरकारी प्रशोधन

१३. हरित गृह स्थापना र सञ्चालन

१४. मौरीपालन व्यवसाय (मह उत्पादन प्रशोधन र प्रजनन)

१५. पुष्प खेती (माला बनाउने, सजावट गर्ने, गुच्छा वनाउने र वीउ विजन उत्पादन समेत)

१६. नर्सरी व्यवसाय

१७. रबर खेती तथा रबरको प्रशोधन

१८. शीत भण्डारको स्थापना र सन्चालन

१९. सहकारी÷कबुलियती÷सामुदायिक÷निजी वनको स्थापना र व्यवसायिक सन्चालन

२०. नगदेवालीको व्यवसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, क्धभभत क्यचनजगm, त्तभखष्ब च्भदबगमष्बलभ सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि)

२१. वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरू

२२. वनस्पति उद्यान स्थापना र व्यावसायिक सन्चालन

२३. पशुपंक्षी तथा वनस्पति प्रजनन् व्यवसाय (टिस्सु कल्चर समेत) ।

२४. कृषि फार्म तथा व्यावसायीकरण सेवा

२५. रासायनिक तथा प्राङ्गारिक मल उत्पादन

२६. पशुपंक्षी स्वास्थ्य सेवा

२७. कृषि तथा पशुपंक्षी अनुसन्धान

२८. समावेशी कृषि विकास व्यवसाय

२९. कृषि बजार सूचना सेवा

३०. जैविक विविधता संरक्षणका लागि जीन बैङ्क

३१. सहकारी प्रवद्र्धित उत्पादनमूलक उद्यम

३२. नेपाल सरकारले तोकेका कृषि तथा वनसम्वद्ध थप उद्योग व्यवसाय

अनुसूची—२
(दफा सँग सम्बन्धित)
पर्यटन उद्योग

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट (च्भकयचतक) तथा रेष्टुराँ

२. ट्राभेल एजेन्सी, टुर अप्रेटर, टुरिष्ट गाइड, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज, स्पा (spa)

३. साहसिक पर्यटन (Adventure Tourism): स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ (Water Rafting), हट एयर व्यालुनिङ्ग (Hot Air Balloning), प्यारा सेलिङ्ग (Para Sailing), घोडचढी (Horse Riding), बन्जी जम्पिङ्ग (Bunjee Jumping), हिमाल आरोहरण र अवलोकन ।

४. गल्फ कोर्स, पोलो यार्ड (Polo Yard), पोनी टेकिङ्ग (Pony Trekking), पदयात्रा (Trekking),

५. पर्यापर्यटन (Eco-Tourism)। तथा खेलकुद पर्यटन, (Cultural, Relitious, Conference and Sports Tourism)

६. मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन

७. वन्यजन्तु आरक्ष (Wild Life Conservation)

८ Mountain Flight सञ्चालन

९. सांस्कृतिक, धार्मिक, सभा सम्मेलन

१०. खेल पर्यटन प्रवर्धन गर्ने खेलकूदका पूर्वाधार

११. पर्यटन व्यवसाय प्रवर्धन तथा उद्यमशीलता विकास

१२. ग्रामीण पर्यटन सेवा, होम स्टे व्यवसाय

१३. शैक्षिक तथा स्वास्थ्य पर्यटन सेवा

१४. चलचित्र पर्यटन

१४. पर्यटन पूर्वाधार तथा पर्यटन सेवा केन्द्र

१४. पर्यटन सूचना प्रविधि

१५. पर्यटक सुरक्षा सेवा

१६. पर्यटकीय सम्पदा संरक्षण

१७. पर्यटन अनुसन्धान सेवा

१८. कृषि यान्त्रिकरण

१९. नेपाल सरकारले तोकेका पर्यटन सम्बद्ध थप उद्योग व्यवसाय

अनुसूची—३

(दफा सँग सम्बन्धित)

निर्माण उद्योग

(निर्माण गरी सञ्चालन गर्ने)

१. सडक, पुल, सुरुङ्ग, ओभरहेड ब्रिज

२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्ग कार

३. हवाई धावन मार्ग ÷ विमानस्थल

४. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स

५. सभा सम्मेलन केन्द्र

६. ढल तथा ढल निकास

७. खानेपानी आपूर्ति तथा वितरण

८. सिँचाइ पूर्वाधार

९. उर्जाघर तथा उर्जा प्रसारण लाइन

१०. खेलकुद गृह, रङ्गशाला (क्उयचत ऋयmउभिहभक, क्तबमष्गm)

११. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह

१२. निर्यात प्रशोधन क्षेत्र

१३. विशेष आर्थिक क्षेत्र

१४. कार्गो कम्प्लेक्स

१५. सौर्य तथा वायुबाट उर्जा उत्पादन

१६. दूषित पानी प्रशोधन केन्द्र (Sport Complexes, Stadium)

१७. नेपाल सरकारले तोकेका निर्माण सम्वद्ध थप उद्योग व्यवसाय

उपरोक्त उद्योगहरू निर्माण, स्वामित्व र हस्तान्तरणढ (Build, Own- Operate Transfer- BOOT), निर्माण सञ्चालन र हस्तान्तरण (Build-Operate-Transfer-BOT)) तथा निर्माण र संचालनको प्रारूपमा संचालन हुनुपर्नेछ ।

अनुसूची–४
(दफा   सँग सम्बन्धित)
सूचना तथा संचार प्रविधि उद्योग

१. टेक्नोलोजी पार्क

२. आइ टी पार्क

३. वायोटेक पार्क

४. सफ्टवेयर विकास

५. कम्प्यूटर तथा सम्बन्धित सेवाहरू

६. तथ्याङ्क प्रशोधन तथा सूचना सेवा

७. साइवर क्याफे

८. डिजिटल म्यापिङ्ग

९. भी'स्याट, इन्टरनेट सेवा

१०. टेलिफोन तथा सेलुलर टेलिफोन सेवाहरू

११. मोवाइल टेलिफोन

१२. पेजिङ्ग सेवा

१३. टेलिभिजन प्रसारण (स्याटेलाइट तथा केबल टेलिभिजन प्रसारण) सेवा

१४. एफ.एम. रेडियो प्रसारण सेवा

१५. इमेल, भ्वाइस मेल, फ्याक्स

१६. अडियो'भिडियो, सी.डी. रोम रेकर्डिङ्ग तथा उत्पादन

१७. प्रिन्ट मिडिया उद्योग

१८. Business Process Outsourcing (BPO)

१९. नेपाल सरकारले समयसमयमा तोकेका सूचना तथा संचार प्रविधिसम्वद्ध थप उद्योग व्यवसाय

अनुसूची–५

(दफा १२.२.९ सँग सम्बन्धित)

सेवामूलक उद्योग व्यवसाय

१. यान्त्रिक कार्यशाला (वर्कशप)

२. छापाखाना तथा छपाई सम्बन्धी सेवा

३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरिक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरू

४. जिनिङ्ग तथा बेलिङ्ग (Ginning and Baling) व्यवसाय

५. चलचित्र निर्माण व्यवसाय

६. प्रदर्शनी सेवा

७. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय

८. निर्माण व्यवसाय

९. सार्वजनिक परिवहन व्यवसाय

१०. फोटोग्राफी

११. अस्पताल

१२. नर्सिङ्ग होम

१३. शिक्षण एवं प्रशिक्षण संस्था

१४. पुस्तकालय, अभिलेखालय तथा सँग्राहलय सेवा

१५. प्रयोगशाला

१६. हवाई सेवा

१७. खेलकूद सेवा

१८. शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य)

१९. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत

२०. फोहोर मैला संकलन तथा सरसफाई

२१. घर जग्गा (Real Estate) खरीद बिक्री सम्बन्धी व्यवसाय

२२. निर्माण सम्बन्धी भारी उपकरण (Heavy Eqipment) भाडा, मर्मत तथा सञ्चालन

२३. पशु चिकित्सा सेवा

२४. व्याट्री रिचार्जिङ्ग

२५. स्वास्थ्य परीक्षण (एक्स—रे, सिटी स्क्यान, एम.आर.आई, अल्ट्रासाउन्ड जस्ता सेवाहरू) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला

२६. निर्माण भईसकेका पूर्वाधारहरूको संचालन गर्ने जस्तै (सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, ईन्धन तथा ईन्धनजन्य ग्याँस आपूर्ति सम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क, रङ्गशाला, स्पोर्टस् कम्प्लेकस, रोपवे, सडक, सिँचाइ, विद्युत प्रशारण, विद्युत गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (Inland Clerance Depot-ICD) आदी सेवा सञ्चालन गर्ने व्यवसायहरू २७. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य

२८. कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक)

२९. कार्गो व्यवसाय

३०. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्यांस रिफिलिङ्ग र सवारी ग्यांस रिफिलिङ्ग गर्ने स्टेशन समेत)

३१. कुरियर सेवा

३२. ड्राइक्लिनिङ्ग व्यवसाय

३३. व्यूटी पार्लर

३४. आन्तरिक सजावट (Interior Decoration)

३५. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय

३६. प्रकाशन सेवा

३७. विज्ञापन सेवा

३८. विज्ञापन सामग्री तयार गर्ने सेवा

३९. समाचार सम्प्रेषण सेवा

४०. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण

४१. स्वाइल टेष्टिङ्ग सेवा

४२. Health Club

४३. पिउने पानी ढुवानी सेवा

४४. जुलोजिकल पार्क संचालन

४५. जियोलोजिकल पार्क संचालन

४६. व्यवसाय सम्वद्र्धन सेवा (Business Incubation Service)

४७. व्यापारिक कम्प्लेक्स सञ्चालन

४८. वैदेशिक रोजगार सेवा

४९. नेपाल सरकारले समयसमयमा थप गरेको सेवामूलक उद्योग व्यवसाय

अनुसूची–६

(दफा १२.३.२ सँग सम्बन्धित)

परम्परागत तथा अन्य घरेलु उद्योगहरू

१. ह्याण्डलूम, पेडल लूम, सेमी‘अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई ।

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी पाखी, गलैंचा, पश्मिना, पोशाक ।

३. हातेकागज र सोमा आधारित वस्तु ।

४. परम्परागत कलामा आधारित वस्तु (Filigree and Ornamental Items based on Traditional Crafts) ।

५. परम्परागत मूर्तिकला ।

६. तामा, पित्तल, ढलौट, कांस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भांडावर्तन तथा हस्तकलाका सामान ।

७. फलामबाट बनेका हस्तनिर्मित भांडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हंसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरू ।

८. सुन चांदीबाट हस्तनिर्मित गर गहना, वस्तु, भांडा वर्तनहरू (बहुमूल्य, अर्ध वहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत) ।

९. स्वदेशमा उपलब्ध किमती, अर्धकिमती तथा साधारण पत्थर कटाई उद्योग ।

१०. ग्रामीण ट्यानिङ्ग÷छालाबाट हस्तनिर्मित वस्तुहरू ।

११. जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग ।

१२. पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरू) ।

१३. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला ।

१४. मुकुण्डो (Mask) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना ।

१५. परम्परागत संस्कृति, वाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु ।

१६. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनीज पदार्थका कलात्मक वस्तुहरू ।

१७. सेरामिक्स तथा माटाका भाँडाकुँडा ।

१८. नेपाल सरकारले समय समयमा थप गरेको परम्परागत तथा लघु एवं घरेलु उद्योग व्यवसाय

द्रष्टव्यः विद्युत शक्ति प्रयोग हुने परम्परागत घरेलु उद्योगको हकमा १० किलो वाट भन्दा बढी विद्युत शक्ति क्षमता भएको हुनु हुँदैन ।

अनुसूची—७

(दफा सँग सम्बन्धित)

प्राथमिकता प्राप्त उद्योगहरू

१ कृषि तथा वन पैदावारमा आधारित अनुसूची १ वमोजिमका उद्योग ।

२. निर्माण उद्योग (निर्माण गरी सञ्चालन गर्ने) अनुसूची ३ वमोजिमका उद्योग ।

३. जलविद्युत उत्पादन तथा वितरण एवं सोसंग सम्बन्धित पूर्वाधार लगायतका उर्जामूलक उद्योगहरू ।

४. निकासी प्रवर्धन उद्योग ।

५. पूर्वाधार सहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो, (Polo) पोनी टेकिङ्ग (Pony Trekking), पदयात्रा (Trekking) पर्यटन, वाटर र्‍याफ्टिङ (Water rafting), सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, खेलकूद पर्यटन, स्वास्थ्य पर्यटन, शैक्षिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्ष, होम स्टे, ग्रामीण पर्यटन प्रवर्धन ।

६. खानीजन्य उद्योग, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण तथा उत्पादन ।

७. स्वदेशी चुनढुंङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायानिक मल (मिश्रण बाहेक), प्राङ्गारिक मल, धूलो दुध, औषधी उत्पादन, फोहोर मैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन वचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदुषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरूले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेशिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरू तथा साइकल उत्पादन गर्ने उद्योग ।

८. सार्वजनिक परिवहन सेवा व्यवसाय, शित भण्डार निर्माण तथा सञ्चालन, फोहोर मैला संकलन तथा प्रशोधन, ग्रामीण सूचना तथा संचार प्रविधि सम्वद्ध सेवा, कम्प्युटर सफ्टवेयर,सूचना प्रविधि प्रशिक्षण ।

९. महानगरपालिका तथा उपमहानगरपालिका क्षेत्र वाहिर स्थापना हुने अस्पताल, स्वास्थ्य अनुसन्धान, नर्सिङ्ग होम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परिक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र प्राविधिक शिक्षण एवं प्राविधिक प्रशिक्षण संस्थाहरू ।

१०. परम्परागत घरेलु उद्योग ।

११. स्टार्ट अप तथा व्यवसाय सम्वद्र्धन सेवा (Business Incubation Service)।

१२. औद्योगिक प्रविधि विकास ।

१३. नेपाल सरकारले समयसमयमा प्राथमिकता प्राप्त भनी थप गरेको उद्योग व्यवसाय ।

अनुसूची–८

(दफा सँग सम्बन्धित)

अनुमति लिनु पर्ने उद्योगहरू अनुमति लिनु पर्ने उद्योगहरू

१) हातहतियार, गोलीगट्ठा, बारुद लगायतका विस्फोटक पदार्थ उत्पादन गर्ने, सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टिङ्ग), मुद्रा तथा सिक्का उद्योग ।

२) चुरोट, बिडी, खैनी, सिगार तथा सूर्ति मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग र बियर तथा मदिरा उत्पादन गर्ने उद्योग ।

३) ढुंगा, गिट्टी, बालुवा उत्खनन्, प्रशोधन गर्ने उद्योगहरू ।

४) प्रचलित कानुनले व्यवस्था गरेका अनुमति लिनुपर्ने उद्योगहरू ।

अनुसूची–९

(दफा   सँग सम्बन्धित)

अति अविकसित जिल्ला

१. बाजुरा	२. जाजरकोट	३. डोल्पा
४. हुम्ला	५. जुम्ला,	६. कालीकोट
७. दार्चुला	८. अछाम	९. वझाङ्ग
१०. मुगु	११. रुकूम पश्चिम	१२. रुकुम पूर्व
१३. दैलेख	१४. रोल्पा	१५. सल्यान
१६. डोटी	१७. खोटाङ्ग	१८. संखुवासभा
१९. मनाङ्ग	२०. मुस्ताङ्ग	२१. सोलुखुम्वु
२२. ताप्लेजुङ्ग	२३. ओखलढुङ्गा	२४. तेह्रथुम

अनुसूची–१०

(दफा १७.३ सँग सम्बन्धित)

अविकसित जिल्ला

१. वैतडी	२. डडेलधुरा	३. म्याग्दी
४. भोजपुर	५. इलाम	६. सिन्धुली
७. पाँचथर	८. प्यूठान	९. वाग्लुङ्ग
१०. रसुवा	११. सिन्धुपाल्चोक	१२. गुल्मी
१३. पर्वत	१४. दोलखा	१५. रामेछाप

अनुसूची—११

(दफा १७.४ सँग सम्बन्धित)

कम विकसित जिल्ला

१. कैलाली	२. वर्दिया	३. कञ्चनपुर
४. पाल्पा	५. लम्जुङ्ग	६. गोरखा
७. अर्घाखाँची	८. धनकुटा	९. सुर्खेत
१०. दाङ्ग	११. स्याङ्गजा	१२. तनहुँ
१३. उदयपुर	१४. नुवाकोट	१५. धादिङ्ग
१६. काभ्रेपलाञ्चोक	१७. कपिलवस्तु	१८. सिराहा
१९. बाँके	२०. धनुषा	२१. रौतहट
२२ सप्तरी	२३. सर्लाही	२४. महोत्तरी
२५. नवलपरासी पूर्व		